# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०८ | काठमाडौं | शनिबार, २४ साउन २०८२ | Prabhab National Daily | Saturday, 09 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


उत्तराखण्ड पहिरो

## बर्दिया मधुवनका पाँच जनाको अवस्था अज्ञात



**दोधारा चाँदनी (कञ्चनपुर)–** भारतको उत्तराखण्ड प्रदेश उत्तरकाशी जिल्लास्थित धरालीमा गएको भीषण बाढीमा परेर पाँच जना नेपाली मजदुर बेपत्ता भएका छन् ।

बर्दियाको मधुवन नगरपालिका-५ का नरेन्द्र खड्का उनकी श्रीमती सन्ध्या खड्का, १८ महिनाका छोरा रोमन र सोही ठाउँका अमृता परियार र सुवास विक बेपत्ता भएको घटनास्थलमा रहेका बर्दिया मधुवन नगरपालिका-५ का चित्र पौडेलले जानकारी दिए ।

'सडक निर्माणमा मजदुरी गरेर उनहरू टेण्टमा त्यहाँ बस्दै आउनुभएको थियो,' पौडेलले भने, 'बुधबार बिहान करिब ९:०० बजेतिर आएको बाढीले बगाएपछि पाँच जना बेपत्ता हुनुभएको हो ।' पौडेल पनि सोही स्थानमा सडक निर्माणमा काम गर्ने मजदुर हुन् । उक्त स्थानमा नेपालका विभिन्न जिल्लाका ४० जना मजदुर ठेकेदारको निर्माण कम्पनीमा सडक निर्माणको काम गर्दै आएका थिए । बुधबार बिहान बेपत्ता भएका उनीहरूको अवस्था अज्ञात छ ।

बर्दियाको मधुवन नगरपालिका-५ का वडाध्यक्ष दिलीप गुरुङले पहिरोमा परेर पाँच जना बेपत्ता, पाँच जना घाइते भएको खबर प्राप्त गरेको जानकारी दिए । 'मजदुरीका लागि भारत गएका पाँच जना बेपत्ता भएका छन्,' उनले भने, 'घाइते पाँच जनामध्ये तीन जना उपचारपछि काममा फर्किसकेका छन्, दुई जनाको उपचार भइरहेको छ ।'

पहिरोमा परी बेपत्ता भएकाहरूको अहिले खोजीकार्य भइरहेको छ । त्यहाँ रहेका अन्य नेपाली मजदुरले १०-१५ किलोमिटरसम्म खोजी गरे पनि फेला नपरेको पौडेलले जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

### बेपत्ता नेपालीको खोजीका लागि कूटनीतिक पहल

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले छिमेकी राष्ट्र भारतको उत्तराखण्डमा आएको बाढीमा परी हराएका भनिएका नेपाली नागरिकको खोजी एवं उद्धारका लागि कूटनीतिक पहल सुरु भइसकेको बताएकी छन् ।

उक्त बाढीमा परेर केही नेपाली पनि बेपत्ता भएका समाचार आएलगत्तै उनीहरूको खोजी र उद्धारका लागि कूटनीतिक पहल सुरु भएको उनले जानकारी दिएकी हुन् ।

क्रमशः पृष्ठ २ मा

रूपन्देही-३ को उपनिर्वाचन

# कांग्रेस–एमालेलाई अत्याउँदै रास्वपा र नागरिक उन्मुक्ति

■ प्रभाव संवाददाता

- २०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मतको हिसाबले कांग्रेस पहिलो, एमाले दोस्रो र रास्वपा तेस्रो शक्ति
- कांग्रेसको नजरमा रास्वपा र मधेसवादी दलबाट प्रमुख चुनौती
- गत चुनावमा कांग्रेसलाई लोसपाले सघाउँदा राप्रपालाई जसपा नेपालले सघाएकोमा यसपटक लोसपा र जसपाले नागरिक उन्मुक्तिलाई सघाउने तयारी
- 'प्राइमरी इलेक्सन' मार्फत उम्मेदवार छनोट गर्दै रास्वपा



**काठमाडौं–** रूपन्देही क्षेत्र नम्बर ३ मा कात्तिक १७ गते उपनिर्वाचन हुँदै छ । तर दलहरू भने अहिलेबाटै चुनाव लागिसकेका छन् । नयाँ दलप्रति बढ्दो झुकावले दुई ठूला दल त्रसित देखिन्छन् ।

प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेले यो क्षेत्रलाई प्रतिष्ठाको विषय बनाउँदै आउँदो चुनावको 'टेस्ट'को रूपमासमेत लिएका छन् । यो क्षेत्रमा कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा कांग्रेसले पटक-पटक बैठक राख्दै आएको छ । शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा उपसभापति पूर्णबहादुर खड्का, दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा जुटे । यो क्षेत्रमा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई उम्मेदवार बनाउने कि भन्ने विषयमा चर्चा चले पनि कांग्रेसले उनको नाम अघि नसार्ने बुझिएको छ ।

पुराना दलप्रति वितृष्णा बढिरहेको बेला भुटानी शरणार्थी प्रकरणमा मुछिएका खाणलाई अघि सार्दा कांग्रेसलाई असर पर्ने कांग्रेसकै नेताहरू बताउँछन् । यसैले कांग्रेसले यो क्षेत्रमा युवा उम्मेदवार बनाउने प्रयास गरिरहेको कांग्रेस महामन्त्री शर्मा बताउँछन् । यो क्षेत्रको मतदाताको चाहना बुझ्न कांग्रेसले शर्मा र प्रचार विभागका प्रमुख मीन विश्वकर्मालाई खटाएको थियो ।

कांग्रेसले यो क्षेत्रमा मधेसवादी दल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई चुनौतीका रूपमा हेरेको छ । त्यसैले कांग्रेसले यी दुईमध्ये एकसँग तालमेल गर्ने सम्भावनासमेत रहेको कांग्रेस नेताहरू बताउँछन् । कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे यो क्षेत्रमा रास्वपा र मधेसवादी दल कांग्रेसका लागि चुनौती बन्न सक्ने बताउँछन् । 'कांग्रेस पहिलो भएर पनि प्राविधिक रूपले चुनाव हारेको ठाउँ हो । भोटको अवस्था मजबुत रहेको हाम्रो निष्कर्ष छ । प्रमुख चुनौती एमाले, रास्वपा, मधेस केन्द्रित दल एक भए उनीहरू पनि हुन सक्छन्,' घिमिरेले भने ।

२०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मतको हिसाबले कांग्रेस पहिलो, एमाले दोस्रो र रास्वपा तेस्रो शक्तिका रूपमा रहेका छन् । कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६, रास्वपाले १४ हजार १५४ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नौ हजार १८३ मत ल्याएका थिए ।

यस क्षेत्रमा तत्कालीन गृहमन्त्री खाणलाई हराउँदै राप्रपा नेता दीपक बोहोरा निर्वाचित भएका थिए । उक्त निर्वाचनमा बोहोराले ३६ हजार ७१७ र खाणले ३४ हजार ३६ मत पाएका थिए । गत चैत १९ मा बोहोराको निधन भएपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो ।

राप्रपाले उपनिर्वाचनका लागि छ जनाको नाम सिफारिस गरिसकेको छ । राप्रपा जिल्ला कार्यसम्पादन समितिको असार २९ गतेको बैठकले पार्टीका केन्द्रीय सदस्यद्वय वसन्तविक्रम शाही, स्वाति थापा, रूपन्देही जिल्ला अध्यक्ष सागरप्रताप राणा, स्व. बोहराका छोराहरू गौरव बोहरा, प्रज्ज्वल बोहरा र जिल्ला नेता दीलिपकुमार मल्लिकको नाम सिफारिस गरेको हो ।

> कांग्रेस पहिलो भएर पनि प्राविधिक रूपले चुनाव हारेको ठाउँ हो । भोटको अवस्था मजबुत रहेको हाम्रो निष्कर्ष छ । प्रमुख चुनौती एमाले, रास्वपा, मधेस केन्द्रित दल एक भए उनीहरु पनि हुन सक्छन् ।
>
> ■ **श्याम घिमिरे**
> प्रमुख सचेतक, नेपाली कांग्रेस

यस्तै राष्ट्रिय जनमोर्चाले वामपन्थी नेता तथा पार्टीका केन्द्रीय सल्लाहकार बद्रे आलमलाई उम्मेदवार बनाउने भएको छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले असार २९ गते प्रेस विज्ञप्ति जारी गर्दै रूपन्देही-३ को उपनिर्वाचनमा केन्द्रीय सल्लाहकारसमेत रहेका आलमलाई उम्मेदवार बनाउने घोषणा गरेका हुन् । यो क्षेत्रमा एमालेले संघीयताविज्ञ खिमलाल भट्टराईलाई उम्मेदवार बनाउने तयारी गरेको छ । उनी राष्ट्रिय सभाका पूर्वसदस्य हुन् ।

गत चुनावमा कांग्रेसलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सघाउँदा राप्रपालाई जनता समाजवादी पार्टी (जसपा) नेपालले सघाएको थियो । नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी पनि त्यहाँ चुनाव लडेका थिए । नागरिक उन्मुक्तिलाई चौथो मत प्राप्त भएकोले यसपटक लोसपा र जसपा नेपालले उसैलाई सघाउँदा राप्रपा र कांग्रेससँग मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# कोरियामा श्रमअधिकारको हनन भए उजुरी गर्न पाइने

- यही अगस्ट ११ देखि २९ तारिखसम्म मन्त्रालयले श्रमअधिकार उल्लंघनका घटनाको रिपोर्ट गर्न विशेष अवधि सञ्चालन गर्ने
- अगस्ट २० देखि हरेक हप्ताको बुधबार विशेष रिपोर्टिङ र परामर्श दिने दिनका रूपमा छुट्याइने



■ प्रभाव संवददाता

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरिया गएका श्रमिकले अब श्रमअधिकारको हनन भए उजुरी गर्न पाइने भएको छ । रोजगारीमा गएका श्रमिकविरुद्ध पछिल्लो समय मानवअधिकार उल्लंघनका घटना बढेपछि दक्षिण कोरियाली सरकारले निरीक्षण बढाउने भएको छ । त्यहाँको रोजगार तथा श्रम मन्त्रालयले शुक्रबार श्रम अनुगमनलाई तीव्र बनाउने र तीन हप्ताको विशेष रिपोर्टिङ अभियानको घोषणा गरेको छ ।

यही अगस्ट ११ देखि २९ तारिखसम्म मन्त्रालयले श्रमअधिकार उल्लंघनका घटनाको रिपोर्ट गर्न विशेष अवधि सञ्चालन गर्ने जनाइएको छ । यो कार्यक्रमलाई विशेषगरी श्रमअधिकारको कमजोर कार्यान्वयन हुनसक्ने ग्रामीण क्षेत्रका बढी आप्रवासी श्रमिक कार्यरत स्थानहरूमा केन्द्रित गरिने जनाइएको छ ।

यसका साथै अगस्ट २० देखि हरेक हप्ताको बुधबार विशेष रिपोर्टिङ र परामर्श दिने दिनका रूपमा छुटचाइने भएको छ । यस दिन श्रम कानुनका जानकारहरू, श्रम निरीक्षकहरू र दोभाषेहरूलाई रोजगार केन्द्रहरूमा खटाइने बताइएको छ । उनीहरूले श्रमिकलाई गुनासो दर्ता गर्न र अन्य सेवाहरू प्रदान गर्न सहयोग गर्ने छन् ।

मन्त्रालयले सबै रोजगारदाताहरू र कामदारहरूलाई परामर्श कसरी लिने र कुनै पनि अधिकार उल्लंघन भए कसरी गुनासो दर्ता गर्ने भन्ने विषयमा जानकारीमूलक सन्देश पठाउने बताएको छ । इपिएसअन्तर्गत कोरिया गएका सबै विदेशी कामदारहरूले आफ्नो अधिकारको हनन भए रिपोर्टिङ गर्न सक्ने छन् ।

इपिएसबाहेकका श्रमिकलाई भने अनलाइन माध्यम र जानकारीमूलक पर्चामार्फत यो नियमबारे जानकारी गराइने भनिएको छ । त्यहाँका रोजगार तथा श्रममन्त्री किम योङ-हुनले शुक्रबार जेओलाबुक-डोको वान्जुमा रहेको एक फार्मको भ्रमण गर्दै त्यहाँ कार्यरत विदेशी कामदारहरूसँग प्रत्यक्ष कुराकानी गर्दै उनीहरूको अवस्थाको मूल्यांकन गरेको जनाइएको छ ।

किमले सबै विदेशी कामदारको श्रमअधिकारको संरक्षणलाई सरकारले उच्च प्राथमिकताका राखेको कोरियाली सञ्चारमाध्यमले जनाएका छन् । श्रमिकमाथि हुने कुनै पनि प्रकारको उत्पीडन, हिंसा वा मानवअधिकार उल्लंघन अस्वीकार्य हुने कुरामा उनले जोड दिएको जनाइएको छ ।

### श्रीलंकाली श्रमिकमाथिको दुर्व्यवहारपछि चालिएको कदम

गत जुलाई २४ मा सियोलबाट लगभग २८० किलोमिटर दक्षिणमा रहेको नाजुमा रहेको इँटा कारखानामा श्रीलंकाली कामदारलाई फोर्कलिफ्टमा बाँधेर उठाइएको भिडियो सार्वजनिक भएको थियो । उक्त भिडियो गत फेब्रुअरी २६ तारिखको भनिएको छ । गत नोभेम्बरमा कोरिया पुगेका ती श्रमिकमाथि कोरियाकै फोर्कलिफ्ट चालकले दुर्व्यवहार गरेको भिडियो मानवअधिकारकर्मीहरूले सार्वजनिक गरेका थिए । सो घटनापछि इपिएस प्रणालीमा सुधार आवश्यक रहेको भन्दै प्रदर्शनसमेत भएको थियो ।

कोरियाका राष्ट्रपति ली जे-म्युङले उक्त घटना विश्वासै गर्न नसकिने भएको बताएका थिए । सो कार्यलाई मानवअधिकारको बर्बर उल्लंघन भन्दै उक्त कार्य गर्नेलाई कडा सजाय र श्रमिकलाई बलियो सुरक्षा दिने प्रतिबद्धता जनाएका थिए । त्यसपछि कोरिया सरकारले त्यहाँको श्रम ऐनमा भएको सबैभन्दा कडा सजाय दिँदै उक्त कम्पनीलाई तीन वर्षसम्म विदेशी श्रमिक ल्याउन प्रतिबन्ध लगाएको छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### कांग्रेस-एमालेलाई...

रास्वपाले यस क्षेत्रमा उम्मेदवार हुन चाहनेहरूको नाम सार्वजनिक गरेको छ । बिहीबार रास्वपाले सार्वजनिक गरेको यो सूचीमा बुटवल-१६ का सुलभ खरेल, सिद्धार्थनगर-७ का पार्थिवेन्द्र उपाध्याय, सिद्धार्थनगर-८ का लेखजंग थापा, सिद्धार्थनगर-९ की ज्ञानु पौडेल, सिद्धार्थनगर-१ का जीतबहादुर गुप्ता, मध्यमपुर ठिमी-६ भक्तपुरका कुसुम महर्जन, सिद्धार्थनगर-३ की रचना क्षेत्री, सिद्धार्थनगर-८ की पुनमकुमारी अग्रवाल र पार्टीका क्षेत्रीय सभापतिसमेत रहेका बुटवल १७ का मधुप्रसाद अर्यालको नाम रहेको छ ।

बिहीबार रास्वपाले सार्वजनिक गरेको यो सूचीमा बुटवल-१६ का सुलभ खरेल, सिद्धार्थनगर-७ का पार्थिवेन्द्र उपाध्याय, सिद्धार्थनगर-८ का लेखजंग थापा, सिद्धार्थनगर-९ की ज्ञानु पौडेल, सिद्धार्थनगर-१ का जीतबहादुर गुप्ता, मध्यमपुर ठिमी-६ भक्तपुरका कुसुम महर्जन, सिद्धार्थनगर-३ की रचना क्षेत्री, सिद्धार्थनगर-८ की पुनमकुमारी अग्रवाल र पार्टीका क्षेत्रीय सभापतिसमेत रहेका बुटवल १७ का मधुप्रसाद अर्यालको नाम रहेको छ ।

रास्वपाले आकांक्षी नौ जना उम्मेदवारहरूबीचमा 'प्राइमरी इलेक्सन' मार्फत उम्मेदवार छनोट तयारी गरेको प्रवक्ता मनिष झाले बताए । अघिल्लो निर्वाचनमा प्राप्त समानुपातिक मतले रास्वपा यस क्षेत्रका तेस्रो शक्ति देखिएको थियो ।

आयोगले निर्वाचनका लागि साउन २१ देखि २७ गतेसम्म आयोगका केन्द्रीय कार्यालयमा दल दर्ताका लागि निवेदन दिन सकिने जनाएको छ । आयोगले यसअघि उपनिर्वाचनका लागि निर्वाचन कार्यतालिका स्वीकृत गरिसकेको छ। आगामी असोज २१ गते बिहान १० देखि ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुने र सोही दिन साँझ उम्मेदवारको सूची प्रकाशन हुने छ ।

असोज २४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ । कात्तिक १७ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ। प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन नपाउने आयोगले जनाएको छ ।

■■■

### श्रीलंकाली...

यही अगस्टमा सिजनल भिसामा कृषिमा काम गर्न कोरिया गएका ९१ जना फिलिपिनी श्रमिकलाई ग्याङवोन राज्यको यान्गुमा ज्याला नदिएको घटना पनि बाहिरिएको थियो । त्यहाँको श्रम मन्त्रालयले तत्कालै छानबिन थाल्ने जनाएको थियो ।

नेपालसहित १७ वटा मुलुकबाट इपिएस प्रणालीमार्फत कोरियाले श्रमिक लैजाने गरेको छ। हालसम्म इपिएस प्रणालीमार्फत एक लाख १७ हजार ५०० भन्दा बढी नेपाली श्रमिक कोरिया गएका तथ्यांक छ । राम्रो सेवा सुविधाका कारण युवाहरूलाई कोरियाको रोजगारीले आकर्षित बनाउने गरेको छ। तर, रोजगारीमा कोरिया गएर आत्महत्या गर्नेहरूको संख्या पनि सयौं छ ।

गत फागुनमा बंगुर फार्ममा रोजगारीका लागि गएका एक नेपाली श्रमिकको मृत्यु भएको थियो। सोही कम्पनीका अन्य छ जनाले आफूहरूमाथि कुटपिट भइरहेको भन्दै भिडियो सार्वजनिक गरेका थिए। बेलाबेलामा सार्वजनिक हुने यस्ता श्रमअधिकार हननका घटनालाई नियन्त्रण गर्ने व्यापक उपायहरू अवलम्बन गर्ने कोरिया सरकारले जनाएको छ ।

■■■

### बर्दिया...

भारतस्थित नेपाली राजदूतावासले शुक्रबार विज्ञप्ति जारी गर्दै बेपत्ता नेपालीहरूको अवस्था अझै अज्ञात रहेको जनाएको छ । दूतावासका अनुसार उत्तराखण्ड प्रहरीले राजदूतावासलाई गराएको जानकारीअनुसार ३७२ जनाको सकुशल उद्धार गरिएको र घटनास्थलबाट दुई जनाको शव निकालिएको छ। उक्त सूचीमा नेपाली नरहेको दूतावासले जनाएको छ ।

'उत्तराखण्ड प्रदेश पौडी गौडाल जिल्लाको बागोडामा गएको बाढीपहिरोपश्चात पाँच जना नेपाली हराइरहेका छन्,' भारतस्थित नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ। चार जना घाइतेमध्ये तीन जना घर फर्केको र एक जनाको स्थानीय अस्पतालमा उपचार भइरहेको उत्तराखण्ड प्रहरीले जनाएको दूतावासले उल्लेख गरे पनि वडाध्यक्ष गुरुङले भने पाँच जना घाइते भएको बताएको छ। उक्त बाढीपहिरोमा परी हराइरहेका नेपालीहरूको खोजी तथा उद्धार, घाइतेको उपचारलगायत अन्य आवश्यक सहयोगका लागि राजदूतावासले निरन्तररूपमा उत्तराखण्ड सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गरिरहेको जनाएको छ। *रासस*

■■■

### बेपत्ता...

सो बाढीमा परेर नेपाली नागरिक पनि बेपत्ता भएको भन्ने खबरले आफू निकै दुःखी भएको बताउँदै परराष्ट्रमन्त्री डा. राणाले उनीहरूको खोजी र उद्धारका लागि नेपाल सरकारले कूटनीतिक पहल थालेको सामाजिक सञ्जालमार्फत बताएकी छन् ।

'हराएका नेपाली नागरिकको खोजी तथा उद्धारका लागि भारत सरकारको समन्वयमा तदारुकताका साथ लाग्न नयाँदिल्लीस्थित नेपाली राजदूतावासलाई निर्देशन दिएकी छु,' मन्त्री डा. राणाले भनिन् । उक्त बाढीपहिरोमा ज्यान गुमाउने सबैप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै उनले दुःखको घडीमा रहेका परिवारजनमा समवेदना व्यक्त गरेकी छन् ।

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०४।२४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट बार्षिक कार्य योजना अनुसार संकलन गरी सामुदायिक वनको कम्पाउण्डमा घाटगद्दी बनाई राखिएको खयर जातको गोलिया काठ जम्मा थान ३२० को १५७४.०१ क्युफिट काठलाई लिलाम बढाबढ अन्तर्गत बिक्री गर्नु पर्ने भएकोले प्रभाव दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरी बाइसौ दिनको ३:०० बजे भित्र खरिद गरेको बोलपत्र फारम सिलबन्दी गरी यस सा.व.उ.समूहको कार्यालयमा दाखिला वा दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा आएर जानकारी लिन समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री ग्वासी समैजी सामुदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा. वडा नं.८, कञ्चनपुर**

# मातृस्वास्थ्य प्रवर्द्धन गर्न सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज

**सिरहा–** मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले लहान नगरपालिका-२१ का ६४ जना सुत्केरी र गर्भवतीलाई पोषण प्याकेज वितरण गरिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले बिहीबार एक कार्यक्रमका बीच पोषण सामग्री वितरण गरेका हुन् ।

नगरपालिकाले प्रत्येक महिनामा फरक-फरक वडामा पुगेर सो प्याकेज वितरण गर्दै आएको छ । प्याकेजमा चामल, दाल, नुन, तेल, चनालगायत खाद्यान्नका साथै गर्मी र वर्षात्को समयमा हुने लामखुट्टेको प्रकोपबाट बच्न झुल पनि प्रदान गरिएको छ ।

नगरप्रमुख चौधरीले पोषण प्याकेज वितरण कार्यक्रममा भने, 'गर्भवती र सुत्केरीको स्वास्थ्य सुनिश्चित गर्नु नगरपालिकाको प्रमुख प्राथमिकता हो । यस्ता कार्यक्रममार्फत उनीहरूको पोषण अवस्था सुधार गर्नुका साथै स्वास्थ्य सेवा पहुँच सहज बनाउने हाम्रो उद्देश्य हो । आगामी दिनमा अझ प्रभावकारी ढंगले यसलाई विस्तार गरिनेछ ।' स्वास्थ्य संस्थामा नियमित जाँच गराउने गर्भवतीलाई लक्षित गरी प्याकेज वितरण गरिएको स्वास्थ्यकर्मी अमृताकुमारी महतोले जानकारी दिइन् । उनका अनुसार, 'नियमित जाँचमा सहभागी हुने महिलाहरूको संख्या पछिल्लो समय उल्लेखनीयरूपमा बढेको छ ।'

महिला स्वास्थ्य स्वयंसेविका सुजितादेवी सिंहले यस अभियानले गर्भवती महिलाको तथ्यांक व्यवस्थापन र सेवाको सहजीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको बताइन् । *रासस*

# खुर्कोटको बेलीब्रिज मर्मत गर्दै सेना



**रामेछाप (प्रस)–** नेपाली सेनाले रामेछाप र सिन्धुली जोड्ने खुर्कोटस्थित सुनकोसीको बेलीब्रिज मर्मत सुरु गरेको छ। गत कात्तिकमा निर्माण गरिएको बेलीब्रिजमा प्रयोग भएका केही नटबोल्ट खुस्किएर जोखिम बढेपछि मर्मतका लागि सेनाको प्राविधिक टोली परिचालन गरिएको हो ।

महोत्तरीको बर्दिवासस्थित सेनाको प्राविधिक टोलीले बिहीबारदेखि बेलीब्रिज मर्मत थालेको हो । गत असोज १२ गते सुनकोसी नदीमा आएको बाढीले खुर्कोटको रामेछापतर्फका ५० मिटरको स्पान (आधा पुल) बगाएको थियो । पुल बगाएपछि सडक विभाग, नेपाल विद्युत् प्राधिकरण र नेपाली सेनाको सक्रियतामा उक्त बेलीब्रिज जडान गरिएको थियो ।

यातायातका साधनको चाप बढेसँगै बेलीब्रिज हल्लिन थालेको, केही लच्केको र नटबोल्टहरू खुस्किएर बिछ्याइएका पाताहरू खुकुलो हुन थालेपछि जोखिम बढेको थियो । यस पुलबाट अधिकतम १५ टनभन्दा बढी भार बोकेका सवारी साधन सञ्चालन हुन नमिल्ने बताइए पनि बढी तौलका साधन पुलबाट वारपार गर्ने गरको छ। दुई दिनभित्र बेलीब्रिज मर्मत गरिसक्ने प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले बताए ।

## नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लि. को

### सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सुचना

श्री आदरणिय शेयरधनी महानुभावज्यूहरु,

यस नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लि.को सञ्चालक समितिको मिति २०८२/४/१९ गतेको बैठकको निर्णयानुसार सत्रौं साधारणसभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२/०५/२० गते शुक्रवार
समय : दिउँसो २:०० बजे
स्थान : नागरिक कलेज अफ हेल्थ साइन्स कलेज, गट्ठाघर भक्तपुर (अस्पतालबाट २०० मी.पूर्वतर्फ कलेजको परिसर) ।

**छलफलका विषयहरु**

१. अध्यक्षज्यू को मन्तव्य तथा आ.व.०८१/०८२ को बार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. आ.व. ०८१/०८२ को नाफा नोक्सान हिसाब, वासलात, कोष प्रवाह विवरण एवं लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
३. यस कम्पनीको सहायक कम्पनी नागरिक कलेज अफ हेल्थ साईन्स लि.को आ.व.०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
४.कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. ०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
५. सञ्चालक समितिको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**
१. यस कम्पनीको शाखा कार्यालयको ठेगाना परिवर्तन भएको हुँदा प्रवन्ध-पत्र र नियमावलीमा संसोधन गर्ने ।
२) विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः**- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय गट्ठाघर,भक्तपुर फोन नं. ०१-५६३९१८४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।


## साउदीमा रोजगार

कम्पनी : BRANCH OF SINOPEC TENTH CONSTRUCTION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 328818 | चलानी नं. ६०२४२६६० 

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | LOADING AND UNLODING WORKER | 10 | 0 | 1200 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## मलेसियामा रोजगार

कम्पनी : DEUMA FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 297693 | चलानी नं. ६०२१२७०८

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | RM | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Security Guards | 29 | 0 | 1500 | ४९,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएइमा रोजगार

कम्पनी : ELIF KHAN ELECTROMECHANICAL EQUIPMENT INSTALLATION AND MAINTRNANCE CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328433 | चलानी नं. ६०२४२६६३

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | AED | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Air Conditioning Technicians | 5 | 0 | 1500 | ५७,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | ARC Welder | 8 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 3 | electrician | 5 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 4 | Pipe Fitters | 7 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |

कम्पनी : M.TS TECHNICAL SERVICES CO.L.L.C.S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 328337 | चलानी नं. ६०२४२६६४

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | AED | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Brick Layer | 1 | 0 | 1500 | ५७,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 3 | CONCRETE MASON | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 4 | ELECTRIC DRAFTMAN | 1 | 0 | 1700 | ६४,७९५ |  |  |  |  |  |  |  |
| 5 | Insulation Labor | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 6 | MECHANICAL ENG TECHNICIAN | 1 | 0 | 1800 | ६८,६०६ |  |  |  |  |  |  |  |
| 7 | office cleark | 1 | 0 | 1600 | ६०,९८३ |  |  |  |  |  |  |  |
| 8 | plasterer/mson | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 9 | Scafolder | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 10 | Stone Mason | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |
| 11 | Tile Layer | 1 | 0 | 1500 | ५७,१७२ |  |  |  |  |  |  |  |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शनिबार, २४ साउन, २०८२

| | |
|---|---|
| **मेष** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **वृष** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **मिथुन** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **कर्कट** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **सिंह** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **कन्या** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **तुला** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **वृश्चिक** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **धनु** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **मकर** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **कुम्भ** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मीन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ साउन , २०८२ (०९ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.१९ | १४०.७९ |
| युरो | १ को | १६१.८४ | १६२.५३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८६.१४ | १८६.९३ |
| स्विस फ्रैन्क | १ को | १७३.०३ | १७३.७७ |
| अस्ट्रेलियन डलर | १ को | ९०.५५ | ९०.९४ |
| क्यानाडियन डलर | १ को | १०१.५९ | १०२.०३ |
| सिङ्गापुर डलर | १ को | १०८.८० | १०९.२७ |
| जापानी येन | १० को | ९.५० | ९.५४ |
| चिनियाँ युआन | १ को | १९.५१ | १९.५९ |
| साउदी अरब रियाल | १ को | ३७.३७ | ३७.५२ |
| कतारी रियाल | १ को | ३८.४६ | ३८.६३ |
| थाई भाट | ख १ को | ४.३२ | ४.३४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.१७ | ३८.३३ |
| मलेसियन रिङेट | १ को | ३३.१६ | ३३.३० |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.४८ | १४.५४ |
| डेनिस क्रोनर | १ को | २१.६९ | २१.७८ |
| हङकङ डलर | १ को | १७.८६ | १७.९४ |
| कुवेती दिनार | १ को | ४५८.४५ | ४६०.४१ |
| बहराइन दिनार | १ को | ३७१.८४ | ३७३.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अवरुद्ध सडक खुलाइँदै** | **म्याग्दीको रघुगंगा गाउँपालिका-२ बैसरी गाउँ भन्दा केही पर शुक्रबार रातिदेखिको अविरल वर्षाले आएको भीषण बाढीका कारण अवरुद्ध भएको सडक खुलाइँदै ।** तस्बिरः सुशीलबाबु थकाली/रासस

गृहमन्त्रीको निर्देशन

# नागरिकलाई सुरक्षाको अनुभूति दिलाउने गरी कार्यसम्पादन गर्नू

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले नागरिकले सुरक्षाको अनुभूति प्राप्त गर्ने गरी उत्कृष्ट कार्यसम्पदान गर्न निर्देशन दिएको छ । शुक्रबार काठमाडौं उपत्यका प्रहरी र काठमाडौं प्रहरी परिसर कार्यालयको निरीक्षणपछि उनले उपत्यकामा शान्ति सु-व्यवस्था कायम गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको बताए ।

प्रहरीले निर्वाह गरेको काम कारबाही जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने भन्दै उनले मानवअधिकारको संरक्षण एवं संवर्द्धनमा थप सजग हुन निर्देशन दिए । महिला हिंसा, घरेलु हिंसा, बालबालिका एवं ज्येष्ठ नागरिकविरुद्ध हुने गतिविधिप्रति थप संवेदनशील हुनुपर्नेमा उनले जोड दिए । 'सडक दुर्घटना, लागुऔषध, आत्महत्या, साइबर अपराध, अनलाइन ठगी, आर्थिक अपराध चुनौतीका रूपमा देखापरेकाले सोको समाधान गर्न प्रविधिको उच्चतम प्रयोग गर्दै अझ बढी क्रियाशील हुनुपर्ने छ,' उनले भने, 'प्रहरीलाई साधन स्रोत सम्पन्न बनाउन सरकार गम्भीर छ ।' उनले गुण्डागर्दी र बिचोलियालाई निस्तेज पार्न पनि प्रहरी कर्मचारीलाई निर्देशन दिए ।

'प्रहरी कार्यालयले दिने सेवालाई सर्वसुलभ र झण्झटरहित बनाउन शिष्ट आचरण/व्यवहारका साथ सेवाग्राहीको समस्या एवं गुनासोलाई सम्बोधन गर्नुपर्छ,' उनले भने, 'शिष्टता देखाएर काम गर्दा कसैको कद घट्दैन ।' कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडीले नागरिकलाई अनुभूति हुने गरी काम गर्न आग्रह गरे । 'उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दछु,' उनले भने, 'प्रहरीको कार्यसम्पादन सरकारसित जोडिएको विषय पनि हो ।'

त्यसैगरी प्रहरी महानिरीक्षक दीपक थापाले उपत्यकामा शान्ति सुव्यवस्था कायम गर्न, अपराध नियन्त्रण एवं अनुसन्धान, ट्राफिक व्यवस्थापनका साथै विपद् व्यवस्थापनमा समेत काठमाडौं उपत्यका प्रहरी कार्यालयले सीमित जनशक्ति, स्रोत साधानका बीच पनि उत्कृष्टरूपमा निर्वाह गर्दै आइरहेको बताए । उनले शान्ति सुरक्षालाई थप मजबुत बनाउन उपत्यका प्रहरी कार्यालय सदैव क्रियाशील रहेको बताए ।

भूकम्पको १० वर्ष

# अझै पाल र टेकोको भरमा कुमारी घर

■ **पूर्णप्रसाद मिश्र**

**काठमाडौं–** विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रको जीवित देवी कुमारी घर पाल र टेकोको भरमा अड्याइएको छ ।

यस वर्षको वर्षात् सुरू हुन लागेसँगै कुमारी घरभित्र पानी छिर्न थालेपछि पुरातत्त्व विभागले नै पालले कुमारी घरमा ओत लगाएको हो । पानी चुहिन थालेपछि त्रिपालको ओत लगाइएको विभागका प्रवक्ता रामबहादुर कुँवरले जानकारी दिए । गत आर्थिक वर्षमै कुमारी घरमा पानी चुहिन थाले पनि यो आर्थिक वर्षमा पनि बजेट नभएकाले अर्को वर्ष बजेट राखेर मर्मत गरिने उनले बताए । इन्द्रजात्रा व्यवस्थापन समितिका पदाधिकारी र वसन्तपुर दरबार क्षेत्रका स्थानीयवासी भने एक दशकअघिको भूकम्पदेखि नै कुमारी घर टेकोका भरमा राखिए पनि सरोकार भएका निकायले ध्यान नदिएको गुनासो गर्छन् ।

कुमारी घरमा १० वर्षअघिको भूकम्पले क्षति पुर्‍यायो । भूकम्पको केही दिनमै तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले कुमारी घरको निरीक्षण गरे । पश्चिमतिरको भाग जीर्ण बनिसकेको देखेर उनले कुमारी घरलाई पुनर्निर्माणको सूचीमा राख्न निर्देशन दिएको अहिले पनि इन्द्रजात्रा व्यवस्थापन समितिका अध्यक्ष गौतमरत्न शाक्यको स्मरणमा ताजै छ । देशका कार्यकारी प्रमुखले दिएको निर्देशन पनि कार्यान्यवयन नहुँदा अहिले कुमारी घर पालको ओतमा जोगाउनुपर्ने अवस्थामा पुगेको हो ।

कुमारी घरमा भूकम्पले गरेको क्षतिका बारेमा गुठी संस्थान, पुरातत्त्व विभाग र काठमाडौं महानगरपालिकाले छुट्टाछुट्टै प्राविधिक अध्ययन गरे । तीनवटै निकायले एक-एक महिना लगाएर भवनको प्राविधिक अध्ययन गरेको १० वर्ष बितिसक्दा पनि भवन भने टेको र पालको भरमा अडिएको देख्न सकिन्छ । कुनै पनि निकायले पुनर्निर्माणमा चासो देखाएका छैनन् ।

सनातनदेखि चलिआएको इन्द्रजात्रामा जीवित देवी कुमारीको पनि रथयात्रा गराउने चलनको सुरूआत मल्लकालमा भयो । कुमारीको रथयात्रा चलाउन कुमारी राख्ने घर जयप्रकाश मल्लका पालामा बनेको इन्द्रजात्रा व्यवस्थापन समितिका अध्यक्ष शाक्य बताउँछन् । त्यसपछि बेलाबेलामा भवनको मर्मतसम्भार गरिए पनि पुनर्निर्माण भएको छैन । करिब तीन दशकअघि चार इन्चको चिल्लो इँटाको गारो बाहिरबाट थपिएकाले भवन नयाँ नै हो कि भन्ने लाग्छ । मल्लकालीन भवन भएकाले भूकम्पले भित्रभित्र जीर्ण बनेको छ । जीर्ण भवनको छानोमा पनि समस्या भएकाले पानी भित्र छिर्न थालेकाले विभागलगायत निकायलाई खबर गरेपछि पालको ओत हालिएको उनले सुनाए ।

भित्री गारो जीर्ण भएकाले भवन जोखिममा परेको समितिले जनाएको छ । कुमारी घरको पश्चिमी भागमा भित्रबाट टेको लगाएर राखिएको छ । इन्द्रजात्रामा गुठी संस्थानले प्रयोग गर्ने कोठासमेत रहेको पश्चिमी भाग धेरै जीर्ण भएकाले नै तालाबन्दी गरी राखिएको छ । वसन्तपुर डबलीको भागमा भने बाहिरपट्टिबाटै टेकोका भरमा कुमारी घरलाई अड्याइएको छ ।

'भवनको भित्री भाग चर्किएको छ, दलिन कुहिएको छ, वरिपरि टेकोका भरमा भवन अडिएको छ, भित्री चोकको टेको भने तीन वर्षअघि इन्द्रजात्राका बेला निकालियो, भ्याङ जीर्ण भएर हनुमानढोका दरबार हेरचाह अड्डाले बनाइदिएको छ, मूल भवन भने अझै बनाउने अत्तोपत्तो छैन,' उनले भने ।

जीवित देवीका रूपमा पुजिने कुमारी घर बनाउन तीन वर्षअघि नै काठमाडौं महानगरपालिकाले ५० लाख रूपैयाँ बजेट विनियोजन गरे पनि काम भने सुरू गरेन । त्यसबेला महानगरपालिका-२३ का अध्यक्षको अध्यक्षतामा उपभोक्ता समिति गठन गरेर काम अघि बढाउन खोजे पनि बजेट अपुग भएर काम सुरू हुन नसकेको हनुमानढोका दरबार संरक्षण कार्यक्रमले जनाएको छ ।

महानगरपालिकाले दुई वर्षअघि कुमारी घर पुनर्निर्माणका लागि एक करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । पुनर्निर्माणका लागि तीन करोड रूपैयाँ बजेट लाग्ने अनुमानित लागत यसअघि नै तयार गरिएको भन्दै त्यसबेला पनि काम सुरू हुन सकेन । पुनर्निर्माणको लागत एकैपटक जुटाउन नसक्दा काम हुन नसकेको दरबार संरक्षण कार्यक्रमले जनाएको छ । दरबार क्षेत्रका सम्पदा हेर्न महानगर र पुरातत्त्व विभागले फरक-फरक निकायको स्थापना गरे पनि संरक्षणमा ध्यान नदिएको स्थानीयवासी सन्तबहादुर श्रेष्ठ बताउँछन् ।

## घरबाट वर्षमा १३ पटक निकालिन्छ कुमारीलाई

कुमारी घरबाट वर्षमा १३ पटक विभिन्न सांस्कृतिक गतिविधिका लागि कुमारीलाई निकाल्ने गरिन्छ । इन्द्रजात्राकै क्रममा तीनपटक कुमारीलाई घरबाट बाहिर निकालिन्छ । बडादसैंमा हनुमानढोका दरबारमा कुमारीको पूजाआजा गरिन्छ । रामनवमीका दिन कुमारीलाई तलेजु भवानीको दर्शन गर्न लगिन्छ ।

चैते दसैंकै बेला हुने सेतो मच्छेन्द्रनाथको रथयात्राका क्रममा कुमारीलाई लगनटोल लगिन्छ । माघ महिनामा हुने सेतो मच्छेन्द्रनाथको स्नानका क्रममा पनि कुमारीलाई मच्छेन्द्रबहाल लैजाने परम्परा छ । गाईजात्राको भोलिपल्ट ठमेलस्थित भगवानबहालमा लगिन्छ । गाईजात्राको भोलिपल्ट ठमेलमा बौद्धमार्गीका बहिल देवताको प्रदर्शनी गरिएको हुन्छ । माघमै चाँगुनारायणलाई हनुमानढोका दरबार ल्याउने क्रममा पनि कुमारीलाई घरबाट निकालेर दर्शनका लागि लगिन्छ । गाईजात्राको चार दिनअघि पनि चाँगुनारायणलाई हनुमानढोका दरबारमा ल्याउँदासमेत कुमारीलाई घरबाट निकालेर लैजाने गरिएको छ ।

आश्विन शुक्ल पञ्चमीमा पचलीभैरव जात्रा हनुमानढोका दरबार लैजाँदा पनि कुमारीलाई घरबाट निकालेर लैजाने गरिएको छ । यसैगरी घोडेजात्राका क्रममा कुमारीलाई नेपाल वायु सेवा निगम भवनको तेस्रो तलामा लगेर राखी जात्रा देखाउने परम्परा रहिआएको छ । वि.सं. २०६५ मा कुमारी परम्परा सुरू भएको २५० वर्षको विशेष कार्यक्रम गरी मनाइएको थियो । *रासस*







**कुवेतमा रोजगार** कम्पनी : HAYAT COMMUNICATIONS CO. शहर : Al Argan Business Park, Safat

पूर्व स्वीकृति मिति : २०८२/04/२३ LT. No. 328801 चलानी नं. ६०२४२६४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 13 | 0 | 170 | ७७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 38 | 0 | 120 | ५५,040 | | | | | | | |
| 3 | Telecom Technician | 16 | 0 | 180 | ८२,५९0 | | | | | | | |
| 4 | Tower Rigger | 16 | 0 | 180 | ८२,५९0 | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9808046424/ 9801797200
E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

**साउदीमा रोजगार** कम्पनी : WARDAT ANAB RESTAURANT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/04/२३ LT. No. 328784 चलानी नं. ६०२४२६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Ratopool, Opposite to MR Complex, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072

**साउदीमा रोजगार** कम्पनी : ABDULRAHMAN ABDULAZIZ AL-HABIL FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/04/२३ LT. No. 328823 चलानी नं. ६०२५२६३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | IRON WORKER | 1 | 0 | 1500 | ५६,0१0 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

**कुवेतमा रोजगार** कम्पनी : HAIRSPRAY SALON & INSTITUTE CO FOR WOMEN

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२३ LT. No. 295395 चलानी नं. ६०२१०३९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NAIL TECHNICIAN | 0 | 4 | 150 | ६८,८00 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 3 | 150 | ६८,८00 | | | | | | | |

कम्पनी : MANOMI ZONE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/११/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२३ LT. No. 300768 चलानी नं. ६०२१५६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 4 | 130 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 11 | 150 | ६८,८00 | | | | | | | |
| 3 | Light Driver | 5 | 0 | 150 | ६८,८00 | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 150 | ६८,८00 | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



# गोने ङ्हया अर्थात् जनैपूर्णिमा
## तामाङ झाँक्रीहरूको ज्ञान उत्सव



रवीन्द्र तामाङ

ढ्यांग्रोको तालमा 'सोई सोई बोम्बो, सोई बोम्बो सोई' । जीउमा सेता जामा, जामामाथि कालो प्वाँख, टाउकोमा मजुरको प्वाँखयुक्त सेतो फेटा, घाँटीमा घण्टीमाला, कम्मरमा सेतो धोती, पीठमा सेतो कपडाको दुईवटा लर्कन भिरेका तामाङ झाँक्री (बोन्बो)हरू । ढ्यांग्रोको ढ्याङ ढ्याङ तालमा तान्त्रिक मन्त्रहरू फलाक्दै घुमीघुमी, उफ्रीउफ्री नाचेका रंगीन दृश्यहरू हरेक वर्षको गोने ङ्हचा अर्थात् जनैपूर्णिमाको दिन रसुवाको गोसाइँकुण्डलगायत अन्य कण्डादि यात्रामा निस्केका र फर्केका यत्रतत्र देख्न सकिन्छ ।

आफ्ना पितामह, आरध्य तान्त्रिक गुरु महादेवको स्तुति मन्त्रहरू जप्दै दर्शनका लागि साम गायन गर्दै मन्त्रतन्त्रहरू फलाक्दै कुण्डकुण्डादिहरूमा डफ्फाका डफ्फा तामाङ झाँक्रीहरू र उनीहरूको सहयोगी सहयात्रीहरूको क्रियाकलाप जहाँसुकैको यात्रामा हिँडेका/फर्केका दृश्यहरूले जुनसुकै धर्मावलम्बी समुदायलाई ध्यानाकृष्ट गराउँदछ ।

गोसाइँकुण्ड वा अन्य कुण्डकुण्डादिहरूमा गोने ङ्हचा (जनैपूर्णिमा) को दिन तीर्थाटन गर्नु तामाङ झाँक्रीहरू आफ्नो उच्च प्रतिष्ठा र इज्जतको विषय ठान्दछन् । यस दिन तीर्थाटन नगर्ने झाँक्रीहरूलाई तामाङ समुदायमा हेयको दृष्टिले हेरिन्छ । त्यसैले तामाङ झाँक्रीहरू यस दिनको धार्मिक यात्रामा बढीभन्दा बढी मानिस र जजमानहरूलाई लिएर नाँच्दै गाउँदै गोसाइँ वा अन्य कुण्डादिमा स्नानतीर्थ गर्न जान्छन् । तिनै झाँक्रीलाई गाउँमा उच्च प्रतिष्ठा ठूलो झाँक्रीको रूपमा सम्मान दिने परम्परा रहेको छ । यसैले उनीहरूमा गाउँमा सम्मान पाउने र लिने आशाले गोने ङ्हचा अर्थात् जनैपूर्णिमाको दिन जतिसक्दो बढी मानिसहरू लिएर तीर्थाटन गर्ने प्रचलन छ ।

गोने ङ्हचाको यात्रामा निस्कनुपूर्व तामाङ झाँक्रीहरूले आफ्ना जजमान (गाउँले) हरूलाई तीर्थाटनमा सामेल हुन घरघरमा गई सगुन पोङ राखी निमन्त्रणा गर्ने परम्परा रहेको छ । आफ्नो अगुवाइमा जति बढी लस्कर मानिसहरू लान सकियो, त्यति नै सम्मान पाउने आशाले यात्रामा आफूसँग गएका यात्रुहरूको तीर्थाटनमा लाग्ने सम्पूर्ण खर्च गर्ने दायित्व पनि तामाङ समाजमा झाँक्रीहरूको नै लिने गर्दछन् ।

गोने ङ्हचा (जनैपूर्णिमा)को तीर्थ गर्न निस्कने झाँक्रीहरू यात्रामा निस्कनुपूर्वक महिनौं दिनसम्म नयाँ र पुराना र झाँक्रीहरू अर्थात् गुरु र शिष्यहरू गुफा (एकान्तस्थलमा) बसेर तन्त्रमन्त्रहरूका साधना गर्ने गर्दछन् । त्यसैगरी गोने ङ्हचाको दिन यात्रामा निस्कने दिन उनीहरू सबेरै उठी नुवाइधुवाइ गर्ने गर्दछन् । अनि आफ्ना महागुरु महादेवको पूजाआजा गरी तान्त्रिकरूपमा जीउ बाँधी आफ्नो राजकीय कविला/सरदारी/नेतृत्व भेषभूषामा (माथि उल्लिखित) पहिरिएर गोसाइँकुण्ड वा स्थानीय कुण्डादिमा यात्राका लागि घरबाट निस्कने गर्दछन् । घरबाट निस्कँदा घरतर्फबाट बिदाइ सगुनको सर्वप्रथम पूजा गर्दछन् । अनि कलश (भुम्बा) मा राखिएको सो सगुन यात्रामा जाने महिलाहरूलाई बोक्न लगाइ तामाङ झाँक्रीहरू गोसाइँकुण्ड वा अन्य कुण्डादिको यात्रामा निस्कने गदर्छन् ।

यसरी यात्रामा निस्किएका झाँक्रीहरूलाई बाटोघाटो, दोबाटो, भञ्ज्याङ, देउरालीमा घरघर वा जजमानहरूबाट वा अन्य समुदायबाट पनि सगुन राखी बाटो छेकेमा उनीहरूले त्यसलाई नाघेर अघि बढ्न सक्दैनन् । अनि उनीहरू छ्याङ्दे (काठको कलात्मक धार्मिक टेबुल) माथि फूलपाती भेटीसहित राखिएको सगुन वरिपरि ढ्यांग्रो ठटाउँदै , घुमीघुमी तान्त्रिक मन्त्रहरू फलाक्दै नृत्य गर्दछन् । अनि उक्त सगुनलाई तीनचोटि धर्ती र तीनचोटि आकाशमा छर्दै अमृतसिद्ध गर्दछन् । र, जसले सो सगुन राखेका छन्, तिनीहरूलाई सर्वप्रथम सो सगुन ग्रहण गर्न लगाइ, सामूहिकरूपमा त्यहाँ उपस्थित सबैलाई दिई बाँडीचुँडी खाने, खुवाउने गर्दछन् तामाङ झाँक्रीहरू ।

त्यसपछि पुनः नृत्य गर्दै सगुन राख्ने घरवाला र उपस्थित गणहरूलाई निधारमा सेतो टीका लगाएर आशीर्वाद दिने गर्दछन् । यसरी सगुन राख्नेहरू पनि यस दिन तामाङ झाँक्रीहरूसमक्ष सगुन राखी स्वागत गर्न पाए आफ्नो घरपरिवारमा सुख, शान्ति, समृद्धिका साथै अन्नादिहरूको उत्पादन बढ्ने र निरोगी हुने विश्वास गर्दछन् ।

त्यसैले तामाङहरू आ-आफ्ना घरदैलोमा यस दिन झाँक्रीहरू आइपुग्दा उपरोक्त कार्यहरू गराउन पाए आफूलाई अहोभाग्य ठान्छन् । यसरी तीर्थयात्रा गर्न जाने क्रममा आफ्ना जजमानहरूद्वारा राखिएको सगुन अमृतसिद्ध गर्दै उनीहरू गोसाइँकुण्ड वा अन्य कुण्डादिमा पुग्दछन् । अनि मन्त्र फलाक्दै, ढ्यांग्रो ठोक्दै झाँक्रीहरू सो कुण्डादिलाई तीनपटक परिक्रमा गर्ने गर्दछन् । त्यष्सपछि महागुरु आरध्यदेव महादेवका सामुन्ने उनीहरू घण्टौंघण्टा नृत्य गर्दै मन्त्रोच्चारणसहित साम गाउने र जल अभिषेक गर्ने गर्दछन् । यस दिन जति बढी नृत्य गर्दै मन्त्र उच्चारण गरेर साम गाउन सक्यो त्यति नै बढी आफ्ना मन्त्रहरू सिद्ध हुने र थप दैवीशक्ति प्राप्त हुने तामाङ झाँक्रीहरूमा अटल विश्वास रहेको छ ।

> गोसाइँकुण्ड वा अन्य कुण्डकुण्डादिहरूमा गोने ङ्ह्या (जनैपूर्णिमा) को दिन तीर्थाटन गर्नु तामाङ झाँक्रीहरु आफ्नो उच्च प्रतिष्ठा र इज्जतको विषय ठान्दछन् । यस दिन तीर्थाटन नगर्ने झाँक्रीहरुलाई तामाङ समुदायमा हेयको दृष्टिले हेरिन्छ । त्यसैले तामाङ झाँक्रीहरु यस दिनको धार्मिक यात्रामा बढीभन्दा बढी मानिस र जजमानहरूलाई लिएर नाँच्दै गाउँदै गोसाइँ वा अन्य कुण्डादिमा स्नानतीर्थ गर्न जान्छन् ।

> तीर्थाटन गर्दा तामाङ झाँक्रीहरूले एकातिर मौखिकरूपमा तन्त्रमन्त्रहरु जोडजोडले फलाक्ने वा गाउने गर्दछन् भने अर्कोतिर उनीहरूले मन्त्रतन्त्रलाई तालमा राख्न ढ्यांग्रो घंगरा र घण्टीहरु बजाउने गर्दछन् । साथसाथै उनीहरूले बाटोमा परेका मठ, मन्दिर र देवीदेउराली जे भेट्दछन्, ती सम्पदालाई सामूहिकरूपमा फनफनी घुम्दै नाच्ने गर्दछन् ।

यसरी गोने ङ्हचाको दिन गोसाइँकुण्ड वा अन्य कुण्डादिको तीर्थ गरी फर्केका तामाङ झाँक्रीहरूलाई यात्रामा निस्कँदा जसरी बाटोघाटो, बस्तीहरूमा सगुन राखी स्वागत एवं बिदाइ गर्ने गरिन्छ त्यसैगरी ठाँउठाउँमा जजमान वा अन्य समुदायले घर नपुगुञ्जेलसम्म स्वागत एवं बिदाइ गर्ने परम्परा रहेको छ । यसै दिन गोसाइँकुण्ड वा अन्य कुण्डादिको यात्रामा निस्केका अन्य झाँक्रीहरूसँग अर्थात् एक अर्कासँग भेटघाट भएमा तीनचोटि शीर निहुर्‍याएर एकले अर्कालाई आदर र सम्मानस्वरूप ढोग गर्ने र ढोग फर्काउने पनि गर्दछन् ।

यसका साथै विभिन्न स्थानबाट गोसाइँ वा कुण्डादिमा आएका अन्य क्षेत्रका तामाङ झाँक्रीहरू जम्का भेट हुँदा कहिलेकाहीँ 'को ठूलो झाँक्री हो' ? भन्ने विवाद भएमा यात्रामा रहेका अ-आफ्ना जजमानहरूलाई साक्षी राखेर एकअर्का बीचमा शक्ति प्रदर्शन गर्ने गर्दछन् । यसरी शक्ति प्रदर्शन गर्दा जसले जित्छ उसले हार्नेले तर्फका जजमानहरूको उपचार र उनीहरूको गाउँठाउँमा पुगेर भूतप्रेत, नागनागिनी र चनलगायत ग्राम पूजाआजा गर्ने अधिकार गोने ङ्हचासम्म जित्नेले प्राप्त गर्दछन् । पराजित झाँक्रीले शक्ति प्रदर्शनमा हारेबापत एक वर्षसम्म आफ्ना जजमानहरूलाई शारीरिक र मानसिक उपचार गर्न सजायस्वरूपबाट ऊ बञ्चित वा निषेधित हुने गर्दछ । जसका कारण पराजित झाँक्रीका जजमानहरू बिरामी हुँदा एक वर्षसम्म बिजेता झाँक्रीकहाँ पुगेर आफ्ना शारीरिक र मानसिक स्वास्थ्य उपचारका साथै ग्राम देवीदेवताका पूजाआजा गराउनुपर्ने परम्परा तामाङ समाजमा रहेको छ ।

पराजित झाँक्रीले फेरि आगामी वर्ष अर्थात् गोने ङ्हचाको दिन पुनः प्रतिस्पर्धात्मकरूपमा थप मन्त्र साधना गरेर विजेतालाई पराजित गरेर आफ्नो शक्ति स्थापित गर्न सक्छ । या त उसले विजेता झाँक्रीलाई गुरु थापेर वा मानेर उनीसँग थप विद्या सिकेर खुसी बनाएर पनि आफ्ना गुमेका शक्तिहरू प्राप्त गरेर जजमानहरूको उपचार गर्ने र गाउँमा पूजाआजा गर्ने अधिकार पुनःप्राप्त गर्नुपर्ने परम्परा रहेको छ ।

तामाङ समाजमा वंशानुगत वा अवंशानुगतरूपमा झाँक्री बन्ने परम्पराहरू पाइन्छन् । समाजमा जुनसुकै प्रकारबाट तामाङ झाँक्री हुने लक्षण देखापरेमा पूर्ण झाँक्री बन्न उसले अन्य जेठो झाँक्रीलाई गुरु बनाउनुपर्दछ । गोने ङ्हचाभन्दा अगाडि केही समय गुरुसँगै एकान्तमा गई गुफा बसी तन्त्रमन्त्र र जडीबुटीहरूको ज्ञान लिनुपर्दछ । नयाँ झाँक्री बनी भूतप्रेत, पिसाच, नागनागिनी, ग्रामदेवताहरूको पूजा गरेर रोगीहरूको सेवा गर्न भने उसले गोने ङ्हचाको दिन गोसाइँकुण्ड वा अन्य कुण्डादिमा आफ्ना गुरुसँगसँगै तीर्थाटन गर्नु पर्दछ ।

क्रमशः पृष्ठ ५ मा

# संस्कार संस्कृतिको संरक्षणमा जुट्दै भोजपुरका नेवार समुदाय

**भोजपुर–** भोजपुरका नेवार समुदाय परम्परागत लाखे जात्रासँगै संस्कार, संस्कृतिको संरक्षणमा जुटेका छन् । पछिल्लो समय स्थानीय कला, संस्कार, संस्कृति तथा मौलिक परम्परा लोप हुने खतरा बढेसँगै उनीहरू परम्पराको संरक्षणमा जुटेका हुन् ।

नेवार समुदायको संस्कृतिका रूपमा मादल, झ्याली र ढोलक बजाउँदै नाचिने ठाकठुके नाच सिकाउँदै परम्परागत रीतिरिवाजलाई नयाँ पुस्तासम्म पुर्‍याउने काम भइरहेको स्थानीयवासी चन्द्रप्रसाद श्रेष्ठले बताए । नेवार समुदायमा लाखेजात्रा, गाईजात्रा, बुबाआमाको मुख हेर्ने दिन, देगु पूजा, गुँ पुन्ही, यँया पुन्ही, चथाः, तिहार, म्हःपूजा, योमरी पुन्हीलगायत चाडपर्वमा मौलिक बाजा बजाउने चलन रहेको उनले बताए ।

यस्ता जात्रालाई स्थानीय समाजमा सामूहिकता, एकता र सांस्कृतिक संरक्षणको प्रतीकका रूपमा लिइने स्थानीयको भनाइ छ । स्थानीय कला, संस्कार, संस्कृति तथा रहनसहनको संरक्षणमा जुटेको स्थानीयवासी कमल प्रधानले बताए ।

'हाम्रो परम्परागत संस्कार, संस्कृतिको संरक्षणमा जुटेका छौं,' उनले भने, 'कतिपय प्रचलन लोप



> आधुनिकताको विकाससँगै यो संस्कृतिको मौलिकता हराउने अवस्था आएकाले नयाँ पुस्तासम्म पुर्याउन संरक्षणमा जोड दिएको नेवाः देय दवू भोजपुरका अध्यक्ष बद्री श्रेष्ठले बताए । यस्ता मौलिक परम्पराको संरक्षण गर्न जिल्लाको विभिन्न ठाउँमा कार्यक्रम हुने गरेको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

हुने अवस्थामा पुगेकाले हामी युवाहरू संस्कृतिको संरक्षणमा जुटेका हौं ।' नागपञ्चमीका दिन भीमसेन मन्दिरमा पूजा गरी सुरू भएको लाखे नाच हरेक दिन प्रदर्शन गरेर कृष्ण जन्माष्टमीको भोलिपल्ट विधिवतरूपमा अन्त्य हुने उनको भनाइ छ ।

आधुनिकताको विकाससँगै यो संस्कृतिको मौलिकता हराउने अवस्था आएकाले नयाँ पुस्तासम्म पुरचाउन संरक्षणमा जोड दिएको नेवाः देय दवू भोजपुरका अध्यक्ष बद्री श्रेष्ठले बताए । यस्ता मौलिक परम्पराको संरक्षण गर्न जिल्लाको विभिन्न ठाउँमा कार्यक्रम हुने गरेको अध्यक्ष श्रेष्ठको भनाइ छ ।

नेवार समुदायको बाहुल्यता रहेको भोजपुर सरदमुकाम, टक्सार, दावाँ बजार, दिङला बजारलगायत स्थानमा नागपञ्चमीदेखि लाखे नाचको सुरूआत गरिएको छ । नेवार समुदायको लाखे नाचका क्रममा स्थानीय वेशभूषा, रहनसहनको प्रदर्शनीसँगै गाईजात्रा, घोडेजात्रा, वैरागी जात्रा, रोपाइँ जात्रालगायतका माध्यमबाट समाजका विकृति, विसंगतिप्रति व्यंग्य गर्दै सर्वसाधारणलाई मनोरञ्जन दिने चलन रहेको छ । *रासस*



**राखी किन्दै सर्वसाधारण** | दाङको घोराही उपमहनगरपालिका–१४ स्थित दामोदर चोकमा शुक्रबार रक्षाबन्धनका लागि राखी खरिद गर्दै सर्वसाधारण ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# नीति अभावले करोडौंको काठ वनमै कुहिँदै

■ **राजेन्द्रप्रसाद पनेरू**



**कञ्चनपुर–** वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरिएको पाँच वर्ष बितिसक्दा पनि नयाँ दिगो कार्यविधि नआउँदा कैलाली र कञ्चनपुरका दर्जनौं सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूह समस्यामा परेका छन् । काठ संकलन गर्न नपाउँदा वनमा रहेको लाखौं मूल्यको काठ कुहिएर जान थालेको छ । सामुदायिक वनमा उत्पादन भएका काठ र दाउरा प्राविधिक कार्ययोजनाअनुसार संकलन गर्न नपाउँदा वन समूह आर्थिक संकटमा परेका छन् ।

सरकारले २०७७ माघ ११ गते वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरेको थियो । सो निर्णयपछि कैलाली र कञ्चनपुरका सामुदायिक वनको पूर्वस्वीकृत कार्ययोजना कार्यान्वयनमा रोक लगाइएको सामुदायिक वन समन्वय समितिका सचिव वीरबहादुर राजवंशीले बताए । 'यसले गर्दा न काठ संकलन सम्भव भएको छ, न त वनको संरक्षण र संवर्द्धन नै भएको छ,' उनले भने, 'कार्यविधिको अभावमा दिगो वन व्यवस्थापनको बाटोसमेत बन्द भएको छ ।'

संकलन र बिक्रीमा कानुनी अड्चन हुँदा करोडौं मूल्यबराबरको काठ वनमा कुहिएर जादै गरेको उनले बताए । उनका अनुसार वन ऐन २०७७ को दफा ३० र वन नियमावली २०७८ को नियम २ अनुसार सिल्भिकल्चर प्रणाली (वन सम्वर्द्धन प्रणाली) अपनाएर वन व्यवस्थापन गर्न सकिने व्यवस्था स्पष्ट भए पनि नयाँ कार्यविधि ल्याउन ढिलाइ हुँदा उपभोक्ता समूह आर्थिक, सामाजिक र संस्थागत रूपमा प्रभावित भएका छन् ।

विगत पाँच वर्षदेखि कार्यविधि नल्याउँदा वन व्यवस्थापन, जीविकोपार्जन, सामाजिक सेवा र संस्था सञ्चालनमा समस्या आइरहेको बैजनाथ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष बहादुरसिंह महराले बताए । सरकारले दिगो वन व्यवस्थापनलाई बेवास्ता गरेको भन्दै वैज्ञानिक वन उपभोक्ता राष्ट्रिय महासंघ नेपालका सुदूरपश्चिम संयोजक पुष्कलबहादुर बमको नेतृत्वको टोलीले सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालालाई २३ बुँदे ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्रमा कर प्रणाली सुधार, बैंक ऋणमा पहुँच, काष्ठ तथा गैरकाष्ठ उद्योग सञ्चालनमा अनुदानको व्यवस्था र तालतलैया व्यवस्थापनमा सामुदायिक वनको अधिकार सुनिश्चित गर्नेजस्ता माग उल्लेख छन् । प्रदेश सरकारले हालसम्म दिगो वन व्यवस्थापन कार्यविधि नल्याउँदा वन क्षेत्रको उचित व्यवस्थापन हुन सकेको छैन । सुदूरपश्चिम प्रदेशमा कूल भूभागको झण्डै ६० प्रतिशत वन क्षेत्र रहेको भए पनि त्यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको उपभोक्ताहरूको भनाइ छ ।

सामुदायिक तथा साझेदारी वन व्यवस्थापनबाट प्राप्त आम्दानीको १० प्रतिशत प्रदेश सञ्चित कोष र १० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा जानुपर्ने व्यवस्था वर्तमान आर्थिक ऐनमा गरिएको छ । यस्तै बाहय बिक्री वितरणबाट प्राप्त आम्दानीको २५ प्रतिशत पनि प्रदेश सञ्चित कोषमा जानुपर्ने नियमले उपभोक्तालाई थप मार परेको छ । दोहोरो, तेहरो र चौहरो कर प्रणालीका कारण काठ तथा दाउरा व्यवस्थापन थप जटिल बनेको भन्दै 'एकद्वार कर प्रणाली' लागू गर्न सामुदायिक वनका उपभोक्ताले माग गरेका छन् ।

संघीय वन नियमावली २०७९ को दफा २२ को उपदफा ४ मा उल्लेख भएअनुसार उपभोक्ता समूहको घाटगद्दिमा रहेको काठ आन्तरिक खपतपछि बाँकी काठमध्ये २५ प्रतिशत आपूर्ति समितिमा पठाउने प्रावधान भए पनि कार्यान्वयनमा आउन सकेको छैन । *रासस*

# खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय गाभिएपछि म्याग्दीमा समस्या

■ **सन्तोष गौतम**



**म्याग्दी–** संघीय सरकारको वार्षिक बजेट र कार्यक्रममा समावेश हुन थालेको एक दशकपछि निर्माण सुरु भएको म्याग्दीको बृहत् घोप्टेखोला र पिप्ले-भगवती खानेपानी आयोजना कार्यान्वयन गर्ने कार्यालय हटेपछि अन्योलता सिर्जना भएको छ ।

म्याग्दी, बागलुङ र मुस्ताङ जिल्लामा संघीय सरकारका कार्यक्रम कार्यान्वयनका लागि वि.सं. २०७७ मा बेनीमा स्थापना भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय खानेपानी मन्त्रालयको २०८१ चैत १९ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार यही साउन १ गतेदेखि पोखरामा गाभिएको हो ।

बेनीका कार्यालय खारेज भएपछि करिब पाँच हजार घरपरिवारलाई स्वच्छ र व्यवस्थित खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले करिब एक अर्ब रूपैयाँ लागतमा निर्माण सुरु भएको आयोजना कार्यान्वनयमा अन्योल सिर्जना भएको जिल्ला समन्वय समितिकी कार्यबाहक प्रमुख डिलकुमारी खत्रीले जानकारी दिइन् ।

'कार्यालय हुँदासम्म योजना र बजेट अभावमा म्याग्दीका गौरवका खानेपानी आयोजनाहरूको ठेक्का लगाउनेमात्र काम भयो,' उनले भनिन्, 'ठेक्का सम्झौता भएका योजना निर्माणले गति लिन थालेको अवस्थामा कार्यालयनै हटाउँदा अन्योलता सिर्जना भएको छ ।' उनका अनुसार वि.सं. २०७४/७५ मा तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खारेज भएपछि म्याग्दीका धेरै खानेपानी आयोजना अलपत्र भएका थिए ।

योजना कार्यान्वयनमा समस्या

बृहत् घोप्टेखोला र पिप्ले-भगवती खानेपानी योजना वि.सं. २०७३ देखि नै संघीय सरकारको वार्षिक विकास बजेट तथा कार्यक्रममा समावेश हुदै आएका थिए । वार्षिक कार्यक्रममा समावेश भएपछि बजेटको स्रोत सुनिश्चितताको अभावमा योजना कार्यान्वयन हुन सकेका थिएनन् ।

बेनी नगरपालिकाको ५, ६, ९, १० नम्बर वडा, रघुगंगा गाउँपालिका-६ पाखापानी र वडा नं ५ झीँलाई लक्षित गरी उपभोक्ताको लागत सहभागितासहित ४८ करोड १६ लाख ५० हजार रूपैयाँ लागत अनुमान भएको बृहत् घोप्टेखोला खानेपानी योजना पछिल्लोपटक सन् २०२२ मा सर्वेक्षण भएको थियो । यस योजनाबाट रघुगंगा गाउँपालिका र बेनी नगरपालिकाका छ वटा वडाका दुई हजार ३६९ घरपरिवार लाभान्वित हुने छन् । २०८१ असार २४ गते २८ करोड ५० लाख १२ हजार रूपैयाँमा निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको २०८४ असार २३ गते सम्पन्न गर्ने राखिएको छ ।

ठेकेदार कम्पनीले रघुगंगा गाउँपालिका-६ करेन्टखोलामा मुहान, मुख्य पाइपलाइन र पानी प्रशोधन केन्द्रको संरचना निर्माण सुरु गरेको छ । २०८१ असार २४ गते सम्झौता भएको योजना २०८४ असार २३ गते सम्पन्न गर्ने लक्ष्य छ । रघुगंगा गाउँपालिका २ र ३ का दुई हजार ४१६ घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्रस्तावित बृहत् पिप्ले-भगवती खानेपानी आयोजना वार्षिक कार्यक्रममा समावेश हुन थालेको एक दशकपछि गत असारमा ठेक्का सम्झौता भएको छ । ३७ करोड ३७ लाख रूपैयाँ लागत अनुमान गरिएको पिप्ले-भगवती खानेपानी योजनाको पहिलो प्याकेजको काम गर्न गत वर्ष १० करोड रूपैयाँको स्रोत सुनिश्चितता भएको र निर्माण कम्पनीसँग आठ करोड ५० लाख रूपैयाँमा ठेक्का सम्झौता भएको हो ।

कार्यालय खारेज गर्ने खानेपानी मन्त्रालयको निर्णय फिर्ता हुनुपर्ने मागसहित म्याग्दीका राजनीतिक दलहरूले गत असार ३१ गते लगाएको ताला अझै खुलेको छैन । आयोजना कार्यालयका इञ्जिनियर नवीन सुवेदीले तालाबन्दीका कारण प्रशासनिक कामका साथै र योजना कार्यान्वयनमा समस्या भएको बताए ।

'आन्तरिक लेखापरीक्षण, कागजात बरबुझारत र योजना कार्यान्वयनको काम प्रभावित भएको छ,' उनले भने, 'कागजात कार्यालयमा थुनिएकाले बृहत् घोप्टेखोला र चिमखोला-भगवती-पिप्ले खानेपानी योजनाका ठेकेदारलाई प्राविधिक सेवा दिन समस्या भएको हो ।' तालाबन्दीलगत्तै सर्वपक्षीय र सर्वदलीय टोलीले काठमाडौं पुगेर प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल र खानेपानीमन्त्री प्रदिप यादवलाई भेटे पनि माग सुनुवाइको ठोस उपलब्धि नभएपछि तालाबन्दीलाई निरन्तरता दिएको जिल्ला समन्वय समितिकी कार्यबाहक प्रमुख खत्रीले बताइन् ।

उनको अध्यक्षतामा बुधबार जिल्ला समन्वय समितिमा बसेको सर्वदलीय बैठकले आर्थिक अधिकारसहितको कार्यालय स्थापना नहुँदासम्म तालाबन्दी यथावत् राख्ने निर्णय गरेको छ । मन्त्रालयले साउन १९ गते पत्राचार गर्दै म्याग्दीमा अस्थायी आयोजना कार्यालय स्थापनाका लागि सहमति माग गरी अर्थ मन्त्रालयमा प्रस्ताव पठाएको जानकारी गराएको थियो । प्रतिनिधिसभा सदस्यसमेत रहेका उर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले खानेपानीमन्त्री यादवलाई भेटेर कार्यालय पुनर्स्थापनाका लागि पहल गरे पनि अस्थायी आयोजना कार्यालय राख्ने प्रतिक्रिया पाएको तर अहिलेसम्म त्यो पनि कार्यान्वयन नभएको बताए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

# गोने ङह्या...

यसरी गोसाइँकुण्ड वा अन्य कुण्डादिमा तीर्थाटन गर्दा महागुरु महादेवसँग साम गाएर प्रार्थना गरेर आफ्ना गुरुबाट पाएका मन्त्रहरूको सिद्धि गर्नु र दैवीशक्ति प्राप्त गर्नु पर्दछ । अनि गोने ङ्हयाको भोलिपल्टदेखि गुरुबाट प्राप्त ज्ञानको अभ्यास आज्ञा लिएर गुरुकै निर्देशानुसार सकारात्मकरूपमा आफ्ना समाजका तामाङ वा गैरतामाङहरूको शारीरिक र मानसिक उपचार गर्न सक्दछ । यसबाट पनि गोने ङ्हया पर्वको तामाङ समाजमा झाँक्रीहरूको गुरु-चेला र समाजका बीचमा विशेष सम्बन्ध र महत्त्व रहेको छ भन्न सकिन्छ ।

अन्त्यमा गोसाइँ र अन्य कुण्डादिहरूमा यात्रा सम्पन्न गरेर आफ्नो घर आइपुगेका तामाङ झाँक्रीहरूलाई घरपरिवारबाट आँगनमा सगुन राखेर स्वागत गरेर मात्र भित्र्याउने परम्परा छ । यसरी तामाङ झाँक्रीहरू तीर्थयात्राबाट घर फर्किएपछि उनीहरूले आफूसँग गएका घरपरिवारका सदस्यहरू र आफ्ना गाउँलेहरू जसले उनीहरूको स्वास्थ्योपचार गरेबापत सम्मान दिने गर्दछन् । तिनीहरूलाई बोलाएर एकदिन गोने ङ्हया तीर्थभोज खुवाउने गर्दछन् । यसरी तीर्थाटन गर्दा तामाङ झाँक्रीहरूले एकातिर मौखिकरूपमा तन्त्रमन्त्रहरू जोडजोडले फलाक्ने वा गाउने गर्दछन् भने अर्कोतिर उनीहरूले मन्त्रतन्त्रलाई तालमा राख्न ढ्यांग्रो घंगरा र घण्टीहरू बजाउने गर्दछन् । साथसाथै उनीहरूले बाटोमा परेका मठ, मन्दिर र देवीदेउराली जे भेट्दछन्, ती सम्पदालाई सामूहिकरूपमा फनफनी घुम्दै नाच्ने गर्दछन् ।

जसका कारण गोसाइँ वा अन्य स्थानीय क्षेत्रहरूमा रहेका कुण्डादिहरूमा तीर्थाटन गर्न हिँडेका र फर्कदा तामाङ वा अन्य समुदायका धर्मावलम्बीहरूलाई तामाङ झाँक्रीहरूका क्रियाकलापहरूले एकातिर कठिन, चुनौतीपूर्ण र सहासिक घनाजंगलको बीचको यात्रा गर्दा जसै तनमनमा उठेका डर त्रास भगाउँदछ भने अर्कोतिर यात्राको एकान्त, लामो पट्यारलाग्दो वातावरणमा अर्कोतिर प्रशस्त धार्मिक तन्त्रमन्त्र गायन र झाँक्रीहरूका सांगीतिक वाद्यवादनहरूले थप मनोरञ्जन पनि दिन्छ । यसका साथै गोसाइँ वा अन्य स्थानीय क्षेत्रहरूमा रहेका कुण्डादिहरूसम्म पुग्दा जंगलहरूमा रहने हिंस्रक जनावरहरू अचानक भेटिनसक्ने घटनाहरूबाट मानव जीवनको रक्षा र प्रतिरक्षा गर्न पनि अहं भूमिका खेलिरहेको हुन्छ भन्दा फरक पर्दैन ।

आधुनिक चिकित्सा पद्धति नपुगेका तामाङ गाउँघर र समाजमा यसरी आजसम्म पनि तामाङ झाँक्रीहरूको अधिक महत्त्व रहेको पाइन्छ । यसैले गाउँमा जो कोही बिरामी परेमा सर्वप्रथम तामाङ झाँक्रीहरूलाई नै देखाउने परम्परा पनि छ । तामाङ झाँक्रीहरू तन्त्रमन्त्र र जडीबुटीबाट निको नभएमात्र स्वाथ्यचौकी र अस्पतालमा पुऱ्याउने परम्परा छ । वर्तमानमा तामाङ झाँक्रीहरूमा पनि विकृति आएबाट उनीहरूमा जडीबुटीको ज्ञान नहुँदा कैयन रोगीहरूको अकालमा ज्यान पनि गइरहेको पाइन्छ । यद्यपि, आज पर्यन्त मानसिक उपचारमा (भूतप्रेत, पिसाच) मनोवैज्ञानिक चिकित्सा गर्न भने उनीहरू सफल छन् भन्न सकिन्छ । तामाङ झाँक्रीहरूमा देखिएको विकृति हटाउन उनीहरूलाई सरकारी तवरबाट रोग र औषधिसम्बन्धी प्रशिक्षण पनि दिन थालिएको छ ।

*rabindratamang@gmail.com*


## वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना

***प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/४/२४***

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८७ को १३०५.३६ घनफिट काठ र साल जातको दाउरा ३.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**लोकप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–४, मकवानपुर**



**बर्जु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अमाहिवेल्हा, सुनसरी, कोशी प्रदेश, नेपाल**

## गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, ह्यष्चतजष्लन ऋभलतचभ वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।








# इन्दिराले जितिन् 'मिसेस ग्लोबल नेपाल-२०२५' को ताज




■ प्रभाव संवाददाता

**काठमाडौं** – 'मिसेस ग्लोबल नेपाल २०२५' को ताज इन्दिरा घिमिरेले जितेकी छन्। बिहीबार राजधानीको ज्यापु प्रज्ञा एकेडेमीमा सम्पन्न प्रतियोगितामा उनले निर्णायकको प्रश्नको सटिक उत्तर दिँदै ताज पहिरिएकी हुन्।

ताजसँगै उनले एन.एफ.इ.ए.लन्डन २०२६ मा सहभागी हुन इन्ट्री प्याकेजसमेत प्राप्त गरिन्। प्रतियोगितामा फर्स्ट रनर अप सन्ध्या नेपाल तथा सेकेन्ड रनर अप सृजना घिमिरे सिवाकोटी भए।

करिब एक दर्जन बढी प्रतियोगीहरूले प्रस्तुति दिएको सो कार्यक्रममा सबै प्रतियोगीहरूले परिचय, वेस्ट ड्रेस, प्रश्नोत्तर, क्राउनिङ चरण पार गर्दै उपाधि नजिक पुगेका थिए। कोरियोग्राफर हिमानी सुब्बाको प्रशिक्षणमा तीन सातासम्म प्रतियोगीहरूले व्यक्तित्व विकास, बोलिचाली अभ्यास, स्टेज प्रस्तुति, फोटो सुट, क्याटवाक, बौद्धिकताको विकास, क्षमता अभिवृद्धि, सामाजिक प्रस्तुतीकरण लगायतका विषयमा ज्ञान हासिल गरेका थिए।

आकर्षक ओपनिङ नृत्यबाट सुरु भएको कार्यक्रम ब्युटी विथ नेचर थिम रहेको वेस्ट ड्रेस, प्रश्नोत्तर, टप फाइभ हुँदै क्राउनिङ चरणमा सकिएको थियो। कार्यक्रमको बिचमा कलाकारहरूको प्रस्तुतिले दर्शकहरू आनन्द मानिरहेका थिए भने कोरियोग्राफर सुब्बाको विशेष क्याटवाकमा हुटिङ नै चलेको थियो।

विविध सबटाइटल अवार्डसमेत बाँडिएको सो कार्यक्रममा मोस्ट एट्राक्टिभ इन्दिरा घिमिरे, मोस्ट डाइनामिक आशा घर्ती क्षेत्री, मोस्ट स्मार्ट लक्ष्मी खड्का राई, मोस्ट चार्मिङ कल्याणीदेवी थापा, मोस्ट कन्फिडेन्ट सृजना घिमिरे सिवाकोटी, मोस्ट प्यासोनेट दिया बर्देबा, मोस्ट याक्टिभ रिता चौधरी, मोस्ट डिसेन्ट उमाकुमारी तामाङ, वेस्ट पर्सनालिटी मिना श्रेष्ठ, वेस्ट ट्यालेन्ट सन्ध्या नेपाल, वेस्ट फोटोजेनिक तारा तण्डुकार, मोस्ट डिलाइटफुल कविता अधिकारी, मोस्ट डिलिजेन्ट विमला अधिकारी, मोस्ट डेडिकेटेड मञ्जु राई एवं मोस्ट पपुलर तारा तण्डुकार, पब्लिक च्वाइस भिडियो रिता चौधरी, वेस्ट मल्टिमिडिया सन्ध्या नेपाल र वेस्ट ड्रेस रिता चौधरीले जित्न सफल भएका हुन्।

कार्यक्रमको निर्णायक मण्डलमा अभिनेता तथा इभेन्टकर्मी एसराज गराच, नायक तथा निर्देशक मनिष राउत, क्यापिटल क्विन नेपाल २०२५ एवं फेसन डिजाइनर करुणा भुजेल, मिसेस मंगोल नेपाल २०२३ सरिता गुरुङ र कस्मेटोलोजिस्ट युनिषा शाही रहेका थिए।

विवाहित महिलाहरूको प्रतिभा उजागरणका लागि सो कार्यक्रम आयोजना गरिएको आयोजक पक्षले जानकारी दिएको छ। हिमालयन मुभिजको आयोजनामा सम्पन्न कार्यक्रम मिसेस ग्लोबल शृङ्खला अन्तर्गत आठौँ संस्करण हो।

# नीताको निर्देशनमा बन्ने 'सुख दु:ख'मा बलिउडका दिपराज पनि खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं**– सन् २००२ मा भारतीय फिल्म साथियामा सहायक अभिनेताका रूपमा आफूलाई स्थापित गरेका बलिउड अभिनेता दिपराज राणाले नेपाली फिल्म सुख दु:खमा अभिनय गर्ने भएका छन्। उनलाई फिल्मका लागि यस फिल्मकी अभिनेत्री तथा निर्मात्री नीता ढुङ्गाना अधिकारीको टिमले अनुबन्ध गरेको हो।

सिंघम रिटर्न्स, प्रेम रतन धन पायो, दबंङ ३ लगायत पछिल्लो समय मेट्रो इन डिनो, बिल्ली उस्ताद, सितारे जमीं पर जस्ता फिल्ममा अभिनय गरेका दिपराजले नेपाली फिल्म कोहिनूरमा समेत अभिनय गरेका थिए। स्व. श्रीकृष्ण श्रेष्ठको उक्त फिल्ममा अभिनय गरेको लामो समयपछि उनी पुन: नेपाली फिल्ममा देखिन लागेका हुन्।

नीताको निर्देशनमा बन्ने फिल्म सुख दु:खको कथा मन परेको कारण आफू यस फिल्ममा काम गर्न इच्छुक भएको उनको भनाइ छ। निर्माण पक्षका अनुसार, फिल्मको कथा सुनेपछि दिपराज भावुक बनेका थिए। तर, उनको भूमिकाबारे निर्माण पक्षले खुलासा गरिसकेको छैन।

आगामी फागुनदेखि छायांकन सुरु गर्ने तयारीमा रहेको यस फिल्मका लागि निर्माण टिमले हालै विपना थापालाई पनि अनुबन्ध गरेको छ। यसअघि नीता र विपनाले फिल्म ह्रस्वदीर्घमा सहकार्य गरेका थिए। यो उनीहरूको दोस्रो सहकार्य हो।

फिल्ममा दिपराज, विपना बाहेक मिथिला शर्मा र मदनकृष्ण श्रेष्ठ अनुबन्ध भइसकेका छन्। अन्य कलाकारबारे भने निर्माण टिमले खुलासा गरेको छैन। फिल्मको छायांकनका लागि चर्चित भारतीय छायाँकार कबीरलाल र शाहिदलाललाई अनुबन्ध गरिएको छ। नीता फिल्म्सको ब्यानरमा बन्ने यो फिल्म आगामी वर्ष दसैंको फूलपातीबाट प्रदर्शनमा आउने तयारीमा छ।

फिल्मको वितरण अधिकार उपत्यकाबाहिर एफडी कम्पनीले लिएको छ भने उपत्यकाभित्र रिच इन्टरटेनमेन्टले वितरण गर्नेछ।

## रंगशाला

एएफसी महिला यू-२०

# साउदीमाथि नेपालको कठिन जित



■ प्रभाव संवाददाता

**काठमाडौं**– सुक्रिया मियाँको निर्णायक गोलसँगै नेपालले एएफसी महिला यु-२० एसियन कप छनोटअन्तर्गत साउदी अरबविरुद्ध जित निकालेको छ। भुटानको थिम्पुस्थित चामलिमिथाङ रंगशालामा शुक्रबार सम्पन्न समूह 'ए' को दोस्रो खेलमा नेपालले प्रतियोगिताकै कमजोर टोली साउदीमाथि १-० को कठिन जित निकालेको हो। योसँगै नेपाल समूहको दोस्रो स्थानमा उक्लिएको छ।

पहिलो खेलमा नेपाल घरेलु टोली भुटानसँग १-१ को बराबरीमा रोकिएको थियो। शीर्ष स्थानमा भने साबिक विजेता उत्तर कोरिया छ। उत्तर कोरियाले पहिलो खेलमै साउदीमाथि १५-० को फराकिलो जित हात पारेको थियो। साउदी एक खेलअगाबै प्रतियोगिताबाट बाहिरिसकेको छ। भुटानले भने शुक्रबार नै उत्तर कोरियासँग खेल्ने छ।

यस सिंगल राउन्ड प्रतियोगितामा समूह शीर्षस्थान हासिल गर्ने टिम मात्र अर्को वर्ष थाइल्यान्डमा हुने एसियन कपको लागि छनोट हुनेछ। उत्तर कोरिया छनोटनजिक छ।

समूह चरणपछि शीर्ष तीन उपविजेता टोलीले पनि छनोटको मौका पाउने भएकाले नेपाललाई साउदीविरुद्ध उत्तर कोरियाको झैं फराकिलो जित निकाल्नुपर्ने दबाब थियो। तर, नेपाललाई गोल गर्न अतिरिक्त समयसम्म पर्खिन पर्‍यो। ३७औं मिनेटमा नेपालले सुरुआती अग्रता लिने मौका पाएको थियो। साउदीका डिफेन्डर बास्माह अल्शनाइफीले पेनाल्टी बक्सभित्र सेनु परियारलाई तानेर लडाएपछि नेपालले गोलको अवसर पायो।

तर, स्ट्राइकर मीना देउवा पेनाल्टी प्रहार गर्नेबेला चिप्लिइन् र साउदीकी गोलकिपरले सहजै ड्राइभ लगाएर बल बचाइन्। त्यसपछि पनि नेपालले साउदीलाई दबाब दिएको थियो। तर, गोल गर्न भने सकेन।

दोस्रो हाफको अतिरिक्त समयको पहिलो मिनेटमा अनमार्क रहेकी सुक्रियाले गोल गर्दै नेपाललाई सान्त्वना दिलाइन्। मीनाले दिएको क्रस बललाई पेनाल्टी बक्सभित्र रहेकी पूर्णिमा राईले छाडेकी थिइन्। उक्त बललाई सुक्रियाले सहजै गोल गरिन्। अब नेपालले आइतबार उत्तर कोरियासँग खेल्ने छ।

यू-१६ युथ लिग

# मनाङ, मच्छिन्द्र र श्री भगवती विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं** – एन्फा यु-१६ युथ लिगमा शुक्रबार मनाङ मर्स्याङ्दी क्लबले प्लानिङ ब्वाइज युनाइटेडविरुद्ध ३-० को सहज जित दर्ता गरेको छ। जितसँगै १३ खेलमा २८ अंक जोडेको मनाङ दोस्रो स्थानमा उक्लिएको छ। पराजित प्लानिङ ब्वाइज समान खेलबाट सात अंकका साथ १२औं स्थानमा छ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा मनाङलाई जित दिलाउन विवेक मगर, राम अर्जेल र धरविन्द्र बोहराले गोल गरे। खेलको आठौं मिनेटमा विवेकको गोलमार्फत मनाङले अग्रता लिएको थियो। ६२औं मिनेटमा रामले टोलीको अग्रता दोब्बर बनाए। धरविन्द्रले ७७औं मिनेटमा गोल गर्दा मनाङले ३-० को सहज जित निकाल्यो।

शुक्रबारै सम्पन्न अन्य खेलमा मछिन्द्रले न्युरोट टिम (एनआरटी)लाई २-० तथा श्री भगवतीले आर्मीलाई २-१ ले पराजित गरे।

शुक्रबारै सम्पन्न अर्को खेलमा न्युरोड टिम (एनआरटी)विरुद्ध २-० को जित निकाल्दै मछिन्द्र फुटबल क्लब एन्फा यु-१६ युथ लिगको दोस्रो स्थानमा उक्लिएको छ।



जितसँगै मछिन्द्रले १२ खेलमा २६ अंक जोडेको छ। पराजित एनआरटी समान खेलबाट १२ अंकका साथ १०औं स्थानमा छ।

शुक्रबार सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा मछिन्द्रलाई जित दिलाउन राहुलकुमार योञ्जन र सुदीप ठकुरीले गोल गरे। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको ६१औं मिनेटमा राहुलको गोलमार्फत मछिन्द्रले अग्रता लिएको थियो।

इन्जुरी समयमा सुदीपले गोल गर्दै मछिन्द्रको जित पक्का गरे।

# ईश्वरपुरमा आधुनिक खेलमैदान बन्ने

**काठमाडौं (प्रस)**– सर्लाहीको ईश्वरपुर नगरपालिका वडा नं ८ मा आधुनिक खेलमैदान निर्माण हुने भएको छ। सत्तारुढ दल नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतान्त्रिक खेलकुद संघ, सर्लाहीको पहलमा रंगशाला बन्ने पक्का भएको हो। नेपाल सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा खेलमैदान निर्माणका लागि तीन करोड रूपैयाँ विनियोजित गरिएको छ।

खेलकुद विकासको माध्यमबाट युवाहरूलाई सकारात्मक उर्जा



दिने उद्धेश्यसहित अगाडि बढिरहेको नेपाल लोकतान्त्रिक खेलकुद संघ, सर्लाही जिल्लाका सभापती रोजित केसीले जानकारी गराए।

केसी अखिल नेपाल फुटबल संघ (एन्फा) एकेडेमीको पहिलो ब्याचका खेलाडी हुन्। उमेर समूहमा नेपालको कप्तानको आर्मब्यान्डसमेत लगाएका केसी आफ्ना समय गज्जबका मिडफिल्डर थिए।

'यो एउटा संस्थाको एकल प्रयासबाट मात्र सम्भव भएको होइन, यो सामूहिक संकल्प, जनप्रतिनिधिहरूको दूरदृष्टि र खेलप्रेमीहरूको अटुट साथको उपज हो,' केसीले भने, 'यो रंगशालाले सर्लाहीलाई राष्ट्रियस्तरमा चिनाउने छ। खेलकुद क्षेत्रको विकासले हाम्रो युवा पुस्तामा अनुशासन, आत्मबल, नेतृत्व क्षमता र राष्ट्रिय गौरवप्रति निष्ठा विकास गर्नेछ भन्ने हामीले विश्वास लिएका छौं।'

# गाजा सहर कब्जा गर्ने इजरायली प्रधानमन्त्रीको योजना अनुमोदन



**जेरुसेलम–** इजरायलको सुरक्षा क्याबिनेटले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको गाजा सहर कब्जा गर्ने योजनालाई अनुमोदन गरेको छ। प्रधानमन्त्रीको कार्यालयले शुक्रबार एक विज्ञप्तिमार्फत उक्त कुराको जानकारी गराएको हो । इजरायलले सुरक्षा सुनिश्चित गर्न, हमासलाई हटाउन र सम्पूर्ण गाजाको नियन्त्रण लिन चाहेको नेतान्याहूले सुरक्षा क्याबिनेट बैठकअघि बिहीबार फक्स न्युजसँगको अन्तर्वार्तामा बताएका थिए । गाजा क्षेत्रमा सुरक्षा कायम राखी यो क्षेत्र सेनाहरूलाई हस्तान्तरण गर्न चाहेको जनाउँदै सेनाले गाजाबासीहरूको आवश्यकता र सहजता र बमोजिम कार्य गर्ने नेतान्याहुले बताएका छन् ।

यसैबीच, जवाफमा हमासले विज्ञप्ति जारी गर्दै यसले नेतान्याहुको भनाइलाई 'वार्ता र युद्धविरामको लागि नभई' हमासको फिर्तीको उद्देश्यलाई प्राथमिकतामा राखेको देखिएको जनाएको छ । गाजाका स्वास्थ्य अधिकारीहरूले बिहीबार कम्तीमा नौ हजार ७५२ प्यालेस्टिनीहरू मारिएको र ४० हजार घाइते भएको जनाएका छन् । इजरायलले गत मार्च १८ देखि गाजामा पुनः आक्रमण गरी रहेको छ । *रासस/सिन्ह्वा*

## चीनद्वारा 'गम्भीर चासो' व्यक्त

**बेइजिङ–** चीनले गाजा सहरलाई आफ्नो नियन्त्रणमा लिने इजरायलको योजनाप्रति शुक्रबार 'गम्भीर चासो' व्यक्त गर्दै इजरायललाई 'आफ्ना खतरनाक कार्यहरू तत्काल रोक्न' आग्रह गरेको छ ।

'गाजा प्यालेस्टिनी जनताको हो र यो प्यालेस्टिनी भूभागको अविभाज्य भाग हो,' विदेश मन्त्रालयका प्रवक्ताले एएफपीलाई दिएको सन्देशमा भनिएको छ । 'गाजामा मानवीय संकट कम गर्न र बन्धकहरूलाई मुक्त गर्नका लागि तत्काल युद्धविराम गर्नु नै सही उपाय हो,' सन्देशमा भनिएको छ । 'गाजा द्वन्द्वको पूर्ण समाधान युद्धविराममा निर्भर गर्दछ। त्यसपछि मात्र तनाव कम गर्ने मार्गप्रशस्त गर्न सकिन्छ र क्षेत्रीय सुरक्षा सुनिश्चित गर्न सकिन्छ,' चिनियाँ प्रवक्ताद्वारा सन्देशमा भनिएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले प्रस्ताव गरेको र उनको सुरक्षा क्याबिनेटले स्वीकृत गरेको योजनाअन्तर्गत इजरायली सेनाले गाजा सहरलाई आफ्नो नियन्त्रणमा लिने उनको कार्यालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

गाजामा युद्ध भएको झण्डै दुई वर्षपछि नेतन्याहूले यस क्षेत्रका २० लाखभन्दा बढी जनतालाई अनिकालको संघारबाट फिर्ता ल्याउन र प्यालेस्टिनी लडाकुहरूले बन्धक बनाएकाहरूलाई मुक्त गर्न युद्धविरामका लागि देश र विदेशमा दबाबको सामना गरिरहेका छन् ।

'गाजा पट्टीमा हमासलाई 'परास्त' गर्ने योजनाअन्तर्गत इजरायली सेनाले 'गाजा सहरलाई आफ्नो नियन्त्रणमा लिने तयारी गर्ने छ र युद्धक्षेत्रबाहिरका नागरिकलाई मानवीय सहायता वितरण गर्ने छ,' प्रधानमन्त्रीको कार्यालयले भनेको छ। बेइजिङले गाजामा जारी द्वन्द्व यथाशीघ्र अन्त्य गर्न अन्तर ाष्ट्रिय समुदायसँग मिलेर काम गर्न इच्छुक रहेको शुक्रबार जनाएको छ। *रासस/एएफपी*



**थाइल्याण्डसँगको सीमा झडपमा मारिएका कम्बोडियाली सैनिकहरूको सम्झनामा शुक्रबार नोम पेन्हमा आयोजित प्रार्थना समारोहमा सहभागी कम्बोडियन बौद्ध भिक्षुहरू । गत महिना दुई देशबीच सीमामा पाँच दिनसम्म चलेको युद्ध रोक्न भएको युद्धविराम सम्झौतालाई थप विस्तार गर्न थाइल्याण्ड र कम्बोडियाले बिहीबार सहमति जनाएका थिए ।** *तस्बिर: एएफपी*

# इजरायलले गाजा नियन्त्रण योजनामा पुनर्विचार गर्नुपर्छ : स्टार्मर

**लण्डन–** बेलायतका प्रधानमन्त्री कीर स्टारमरले इजरायललाई गाजा सहरलाई नियन्त्रणमा लिने योजना गलत भएको भन्दै यसलाई पुनर्विचार गर्न शुक्रबार आग्रह गरेका छन् । यो योजनाले द्वन्द्वको अन्त्य गर्न वा बन्धकहरूको रिहाइ सुरक्षित गर्न मद्दत नगरी थप रक्तपात मच्चाउने उनले बताएका छन् ।

उनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूद्वारा प्रस्तावित तथा इजरायली सुरक्षा मन्त्रिपरिषद्द्वारा अनुमोदित योजनाअन्तर्गत गाजा सहरलाई 'नियन्त्रण'मा लिने घोषणाको निन्दा गरेका हुन् । त्यहाँ मानवीय संकटलाई उद्धृत गर्दै इजरायललाई प्यालेस्टिनी क्षेत्रमा युद्ध अन्त्यको माग गर्दै स्टार्मरको बेलायत सरकार यसको विपक्षका रहेको बताएका छन् ।

गत हप्ता उनले बेलायतले सेप्टेम्बरमा प्यालेस्टिनी राज्यलाई औपचारिकरूपमा मान्यता दिने वाचा गर्दै इजरायलले गाजामा युद्धविराममा सहमत नभएसम्म 'ठोस कदम' नचाल्ने जनाएका छन् । प्रधानमन्त्री स्टार्मरले इजरायलको 'गाजामा आक्रमणलाई अझ बढाउने निर्णय गलत भएको' ठहर गर्दै यसलाई तुरुन्तै पुनर्विचार गर्न आग्रह गरेका हुन् । उनले भने, 'गाजामा हरेक दिन मानवीय संकट बढ्दै गएको छ र हमासद्वारा बन्धक बनाइएका मानिसहरूलाई भयावह र अमानवीय अवस्थामा राखिएको छ । हामीलाई युद्धविराम, मानवीय सहायतामा वृद्धि, हमासद्वारा सबै बन्धकहरूको रिहाइ र वार्ताको माध्यमबाट समाधान चाहिएको छ ।'

बेलायत र यसका सहयोगीहरूले युद्ध समाधानका लागि यस क्षेत्रमा शान्ति सुरक्षित गर्न दीर्घकालीन योजनामा काम गरिरहेको स्टर्मरले उल्लेख गरेका छन् । दुवै पक्ष वार्तामा विश्वासका साथ संलग्न नभएको र त्यो सम्भावना पनि घट्दै गइरहेको उनले बताएका छन् । यसैगरी दुवै पक्ष विनासको बाटोबाट टाढा रहेमा कूटनीतिक समाधान सम्भव रहेको उनले उल्लेख गरेका छन् ।

टर्कले शुक्रबार 'कब्जा गरिएको' गाजा पट्टीमाथि पूर्ण सैन्य कब्जा गर्ने इजरायली सरकारको योजनालाई तुरुन्तै रोक्न आग्रह गरेका छन् । गाजा पट्टीमा हमासलाई 'पराजित' गर्ने योजनाअन्तर्गत इजरायली सेनाले युद्ध क्षेत्र बाहिर नागरिकमा मानवीय सहायता वितरण गर्दा गाजा सहरको नियन्त्रणको तयारी गर्ने प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जनाएको छ । तुर्कले यो योजना 'अन्तर्राष्ट्रिय अदालतको फैसलाको विपरीत' भएको उल्लेख गर्दै प्यालेस्टिनीहरूको आत्मरक्षाका लागि इजरायलले आफ्नो कब्जालाई अन्त्य गरी दुई-राज्यको सहमतिमा समाधानको खोजी गर्नुपर्ने बताएका छन् । *रासस/एएफपी*


## वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/४/२४*

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १९ को ५८८.१५ घनफिट काठ र साल जातको दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**हात्ती सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–१, मकवानपुर**








## युएइमा रोजगार

कम्पनी : AL DHAFRA IRRIGATION SYSTEMS - LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 318724 | चलानी नं. ६०२३२८८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 65 | 0 | 800 | ३०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६४८/०८०/०८१

SECURE NEPAL JOB PLACEMENT PVT . LTD
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com



## साउदीमा रोजगार

कम्पनी : ADVANCED CUBA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | LT. No. 328802 | चलानी नं. ६०२४६२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३७,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AIN AI-QASSIM EST

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328805 | चलानी नं. ६०२४२६२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३७,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing & Wrapping Laborer | 4 | 0 | 1000 | ३७,३४१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## साउदीमा रोजगार

कम्पनी : MASADA MISFER AL-FATIH CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 328826 | चलानी नं. ६०२४२६४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९४/०६५/०६६

## कुवेतमा रोजगार

कम्पनी : GB RESTAURANT MANAGEMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 328858 | चलानी नं. ६०२४२६५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 14 | 0 | 90 | ४१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CIRCLE BOUTIQUE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 328857 | चलानी नं. ६०२४२६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 130 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiters | 1 | 0 | 130 | ५९,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३१ गते (16th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्यूनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९८४०० | प्रति तोला – ० | प्रति तोला – २३१५ |




**बिक्रीमा राखी** | **सुनसरी सदरमुकाम इनरुवा-१ स्थित गोलचोकमा बिक्रीका लागि राखिएको राखी । हिन्दु धर्मावलम्बीको पर्व रक्षा बन्धन तथा जनैपूर्णिमा शनिबार मनाइँदैछ ।**
तस्बिर : अजितकुमार झा/रासस

# बूढीगण्डकी आयोजनाका लागि लगानी जुट्यो

■ प्रभाव संवाददाता

**गोरखा–** बूढीगण्डकी जलविद्युत आयोजनाका लागि लगानी जुटेको छ । साहस ऊर्जा मुख्य साझेदार रहेको टाइम्स इनर्जीले निर्माण गर्न लागेको कूल ३४१ मेगावाट क्षमताको आयोजनाका लागि १० वटा बैंकले लगानी गर्ने भएका हुन् ।

अनुमानित रु ७० अर्ब लागतमा निर्माण हुन लागेको आयोजनाका लागि रु ५२ अर्ब ५० करोड लगानी गर्न टाइम्स इनर्जी र बैंक तथा वित्तीय संस्थाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा टाइम्स इनर्जीका सुशील थापा र बैंकहरूको नेतृत्व गरेको नेपाल इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीयओ) ज्योतिप्रकाश पाण्डेले हस्ताक्षर गरे ।

सम्झौताअनुसार एनआईएमबीले रु १० अर्ब, नबिल बैंकले रु आठ अर्ब, लक्ष्मी सनराइज बैंकले रु आठ अर्ब र ग्लोबल आइएमई बैंकले रु सात अर्ब ऋण लगानी गर्ने भएका छन् । साथै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)ले रु चार अर्ब, माछापुच्छ्रे बैंकले रु चार अर्ब, सिटिजन्स बैंकले रु तीन अर्ब, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले रु तीन अर्ब, प्रभु बैंकले रु तीन अर्ब र कृषि विकास बैंकले रु दुई अर्ब ५० करोड ऋण लगानी गर्ने भएका छन् । सम्झौतापत्रमा पाँच वर्ष चार महिनाभित्र ऋण भुक्तानी गर्ने उल्लेख गरिएको छ ।

प्रवर्द्धक कम्पनी र नेपाल विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) पनि भइसकेको छ । वर्षायामका लागि प्रतियुनिट चार रूपैयाँ ८० पैसा, सामान्य सुक्खायामका लागि आठ रूपैयाँ ४० पैसा र मुख्य सुक्खायामका लागि १० रूपैयाँ ५५ पैसामा बिक्री गर्ने गरी सम्झौता गरिएको छ ।

कूल २५ प्रतिशत लगाानी अर्थात रु १७ अर्ब ५० करोड भने प्रवर्द्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्नेछ । टाइम्स इनर्जीमा साहस ऊर्जाको ५१ प्रतिशत सेयर स्वामित्व छ । परियोजनामा प्रतिमेगावाट रु २० करोड ५३ लाख लगानी हुनेछ । परियोजनाबाट वर्षायाममा १३०४.०४ गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र मुख्य सुक्खायाममा ३२०.३० गिगावाट विद्युत् उत्पादन हुनेछ ।

लगानी सम्झौता समारोहमा प्रवर्द्धक कम्पनी टाइम्स इनर्जीले आउँदो भदौबाट बाँध तथा पावरहाउस निर्माणका लागि जग्गा तयार गर्ने काम सुरु हुने र चैतबाट निर्माण सुरु गर्ने जानकारी दिएको छ । आयोजनाले २०८७ साल पुस १५ गतेदेखि विद्यत्को व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य लिएको छ । उत्पादित विद्युत् ४५ किलोमिटर पर रहेको नुवाकोटको रातामाटे सबस्टेशनमा लगेर जोडिनेछ । सो सवस्टेशन मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को सहयोगमा निर्माण भइरहेको छ । गोरखाको चुमनुब्री-३ सल्लेरीमा बाँध बनाएर ६.९ किलोमिटर सुरुङमार्फत पानी झारेर धार्चे गाउँपालिका-३ तातोपानीमा पावर हाउस निर्माण गर्ने कम्पनीले जनाएको छ ।

कम्पनीले यसअघि निजी क्षेत्रकै सबैभन्दा ठूलो ८६ मेगावाटको सोलुखोला दूधकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिसकेको र २८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजना निर्माण गरिरहेको अनुभव छ । यो आयोजना निजी क्षेत्रबाट सञ्चालित अहिलेसम्मको ठूलो आयोजना हो ।

## बूढीगण्डकी आयोजनालाई चाँडो अगाडि बढाउनुपर्छः *मन्त्री खड्का*

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको कामलाई चाँडो अगाडि बढाउनुपर्ने बताएका छन् ।

बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) इञ्जिनियर अरुण रजौरियाको शपथ समारोहमा मन्त्री खड्काले बूढीगण्डकी जलविद्युत् आयोजनालाई चाँडो अगाडि बढाउन लाग्नुपर्ने बताएका हुन् । मन्त्री खड्काले बूढीगण्डकी जस्तो बृहत् र रणनीतिक राष्ट्रिय आयोजना कार्यान्वयनको चरणमा प्रवेश गर्न लागेकाले यसलाई स्पष्ट कार्ययोजनासहित गुणस्तरीय प्रगति देखिनेगरी अघि बढाउन निर्देशन दिए ।

आयोजनामा पारदर्शिता, दक्षता र समयपालनाको सुनिश्चितता आवश्यक रहेको उनले बताए । नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको व्यावसायिक अनुभवले आयोजनालाई गति दिने मन्त्री खड्काले विश्वास व्यक्त गरे । आयोजनालाई सार्वजनिक-निजी साझेदारी मोडलमा अगाडि बढाउने विषयमा नीतिगत स्पष्टता र लगानी सुरक्षाको वातावरण सिर्जना गर्नु नेतृत्वको पहिलो प्राथमिकता हुनुपर्ने उनको भनाइ थियो ।

'एक हजार २०० मेगावाट क्षमताको यो बहुउद्देश्यीय आयोजनाबाट विद्युत् उत्पादनसँगै सिँचाइ, बाढी नियन्त्रण, पर्यटन र रोजगारी सिर्जनामा समेत योगदान पुग्नेछ, यो राष्ट्रिय महत्वको आयोजनामा समयमै लक्ष्य तथा उद्देश्य हासिल गरी मुलुक र जनताले प्रत्यक्ष लाभ लिन सक्ने वातावरण तयार गर्नुपर्छ,' मन्त्री खड्काले भने । प्रमुख कार्यकारी अधिकृत रजौरियालाई कम्पनीका अध्यक्ष एवं ऊर्जा सचिव सुरेश आचार्यले शपथग्रहण गराएका थिए । शपथग्रहण समारोहमा जलस्रोत तथा सिँचाइ सचिव सरीता दवाडी र मन्त्रालयका उच्चपदस्थ कर्मचारीको सहभागीता थियो ।

# बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री कार्यालयद्वारा पत्राचार

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि पत्राचार गरेको छ । मुख्यमन्त्री यायमलाल कँडेलको अध्यक्षतामा २०८२ असार २५ गते बसेर चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी बैठकबाट भएका निर्णयहरू सबै मन्त्रालय तथा निकायलाई कार्यान्वयन गर्न बिहीबार पत्राचार गरिएको हो ।

आयोजनाको छनोट तथा प्रस्तावसम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को उपदफा (१) मा सडक र भवन पूर्वाधारतर्फका आयोजनाका हकमा रु ३० लाख र सोबाहेक अन्य आयोजनाका हकमा रु १५ लाखभन्दा कम लागत भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन नगर्न र त्यस्ता आयोजनाको विवरण २०८२ साउन १५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लिखित रूपमा उपलब्ध गराउन पत्राचार गरिएको मुख्यमन्त्री कँडेलले जानकारी दिए ।

त्यस्तै, कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालय र अन्तर्गतका निकायको कार्यक्षेत्रसँग नमिल्ने गरी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेटमा कुनै आयोजना स्वीकृत भएको भए ती आयोजना कार्यान्वयनका लागि मिल्दो कार्यक्षेत्र भएको मन्त्रालय वा अन्तर्गतबाट कार्यान्वयन गराउने गरी व्यवस्था मिलाउन र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउन पत्राचार गरिएको उनले बताए ।

आव २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रमअन्तर्गत प्रदेश तथा मातहतका निकायबाट कार्यान्वयन गरिने आयोजनाको नाम र विनियोजित रकमसहितको विवरण सम्बन्धित मन्त्रालयले आफ्नो मातहतको कार्यालयबाट जानकारी एवं कार्यान्वयनमा सहजीकरणका लागि सम्बन्धित स्थानीय तहलाई छुट्टाछुट्टै रूपमा २०८२ साउन १५ गतेभित्र पत्राचार गरिसक्ने निर्देशन दिइएको मुख्यमन्त्री कँडेलको भनाइ छ ।

# 'समाजवाद उन्मुख अर्थतन्त्रका निम्ति आत्मनिर्भर अर्थतन्त्रको अपरिहार्य'

**काठमाडौं (प्रस)–** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समाजवाद उन्मुख अर्थतन्त्रका निम्ति दिगो तथा आत्मनिर्भर अर्थतन्त्रको विकास अपरिहार्य रहेको बताएका छन् । पार्टी निकट उद्योगी व्यवसायीहरूको अधिवेशनको शुभारम्भ गर्दै उनले मुलुकका निम्ति आवश्यक औद्योगिक उत्पादनले मात्र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकिने बताए ।

समाजवादी नीति तथा कार्यक्रममार्फत आयात निर्यातमा सन्तुलन कायम गर्न उत्पादन बढाउनुपर्नेमा जोड दिँदै उनले योजनाबद्ध रूपमा आयात विस्थापित, निर्यात प्रवर्द्धन गरी नाफामा जाने उपाय अवलम्बन गर्नुपर्ने बताए ।

समाजवाद कार्यान्वयनका लागि छरिएको पुँजीलाई एकीकृत गरी राज्यले औद्योगिक क्षेत्रको विकासमा लगानी वृद्धि गर्नुपर्ने बताउँदै अध्यक्ष नेपालले सरकारले उत्पादनमूलक तथा सेवामूलक क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक रहेको विचार व्यक्त गरे ।

मुलुकमा विद्यमान शोषण, उत्पीडन, भ्रष्टाचार र बेरोजगारीलगायत समस्या समाधान गर्न समाजवादले सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले देशका समस्त वामपन्थी, प्रगतिशील, देशभक्त, लोकतान्त्रिक र समाजवादी शक्तिहरूलाई एकजुट गरी समाजवाद कार्यान्वयन गर्न सकिने बताए । सामाजिक तथा राजनीतिक समस्या समाधान गर्न समाजवाद उन्मुख अर्थतन्त्रको अवधारणाका आधारमा सामाजिक सुरक्षाको प्रबन्ध, आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले समाजवादको सुन्दर भविष्यका लागि क्रियाशील हुन सबैलाई आग्रह गरे ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले देशमा रोजगारी सृजना गर्न कृषि, पूर्वाधार, औद्योगिक क्षेत्रमा लगानी वृद्धि तथा उत्पादन वृद्धि गर्न समाजवादको भूमिका महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

## कर्पोरेट

### गोसाइँकुण्डको चन्दनबारीमा टेलिकमको टुजी बिटिएस सञ्चालनमा




**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले देशभरका विभिन्न दुर्गम स्थानमा सेवा सञ्चालन गर्ने क्रममा रसुवा जिल्लाको चन्दनबारीमा टुजी बीटीएस (२न्द्यत्) सञ्चालनमा ल्याएको छ । रसुवाको गोसाईकुण्ड गाउँपालिकास्थित समुद्री सतहबाट करिब २ हजार ३०० मिटरको उचाइमा रहेको सो स्थानमा उक्त सेवा सञ्चालन गरेको हो ।

नेपाल टेलिकमले धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा परिचित गोसाइँकुण्ड जाने तिर्थालु तथा पदयात्रीहरूको सुविधालाई विशेष ध्यानमा राखेर धुन्चेदेखि गोसाइँकुण्ड जाने पदमार्गमा पर्ने चन्दनबारीमा टुजी बीटीएस सञ्चालनमा ल्याएको हो । गोसाइँकुण्ड जाने दर्शनार्थी तथा पर्यटकले धुन्चेदेखि देउराली, चन्दनबारी, लौरीविनायक र ४ हजार २०० मिटरमा अवस्थित गोसाइँकुण्डसम्म नेपाल टेलिकमको मोबाइल नेटवर्कको पहुँच पुगेको छ ।

साथै नेपाल टेलिकमले उच्च हिमाली क्षेत्रमा पुग्ने सेवाग्राहीहरूको सुविधाका लागि फोरजी नेटवर्क विस्तार गर्ने योजना समेत गरेको छ ।

प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा परिचित गोसाइँकुण्डमा प्रत्येक वर्ष जनैपूर्णिमामा मेला लाग्ने गर्दछ । सो क्षेत्रमा सेवा सञ्चालन आए पश्चात दर्शनार्थी तथा पर्यटक लगायत सो क्षेत्रमा बसोबास गर्ने वासिन्दाले समेत सेवाबाट लाभान्वित हुनेछन् । दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो । प्रतिफल कम आउने र तुलनात्मक रूपमा लगानी बढी हुने स्थानमा समेत समान रूपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै सेवा सञ्चालन गरिएको छ ।

### नेपाल-स्पेन सम्बन्ध विस्तारबारे छलफल



**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनि ट्रान्सफरका संस्थापक, ग्लोबल बिजिनेस तथा डायस्पोरा समितीका सभापति, तथा नेपालका लागि केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डन र स्पेनस्थित नेपाली राजदूत महामहिम शनिल नेपाल बीच भेटवार्ता भएको छ । भेटमा बिदेशी प्रत्यक्ष लगानी भित्र्याउनका लागि आवश्यक रणनीतिबारे छलफल भएको थियो । साथै, उत्पादनशील क्षेत्रहरू र प्रविधि स्थानान्तरणमा रेमिट्यान्स लगानीलाई समर्थन गर्न औपचारिक नेटवर्कहरूको स्थापना गर्ने, साहसिक पर्यटन, सांस्कृतिक सम्पदा र आध्यात्मिक रिट्रीटहरूको लागि नेपाललाई शीर्ष गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने बिषयमा छलफल भएको थियो ।

स्पेनमा बसोबास गर्दै आएका नेपाली प्रवासीहरूको समस्या समाधान तथा हकहितको संरक्षण साथै स्पेनमा नेपाली उत्पादनहरूको प्रवर्द्धन गर्ने प्रभावकारी योजनामा पनि दुवै पक्षबीच विचार विमर्श भएको थियो । स्पेनमा रहेको नेपाली मिसन र सीएनआई बीचको संस्थागत सम्बन्धको बारेमा पनि छलफल भएको थियो ।

### एसियन बैंकिङ एण्ड फाइनान्स अवार्ड्स २०२५ मा नबिल बैंकलाई दुई प्रतिष्ठित उपाधि



**काठमाडौं (प्रस)–** नबिल बैंकले एसियन बैंकिङ एण्ड फाइनान्स अवार्डस्, २०२५ मा दुई प्रतिष्ठित उपाधि प्राप्त गरेको छ । बैंकले 'साइबर सेक्युरिटी इनोभेसन अवार्ड नेपाल' र 'नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर' प्राप्त गरेको हो ।

नबिल बैंकले अपनाएको अत्याधुनिक प्रविधि, उत्कृष्ट सेवा र ग्राहक तथा सरोकारवालाप्रति देखाएको प्रतिबद्धताका कारण उक्त अवार्ड प्राप्त गरेको जनाएको छ ।

साइबर सेक्युरिटी इनोभेसन अवार्ड बैंकले डिजिटल सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षित, भरपर्दो र सहज बैंकिङ अनुभव प्रदान गर्न अपनाएको रणनीतिका कारण प्राप्त गरेको हो । यसैगरी, बैंकले मुलुकका महत्वपूर्ण पूर्वाधार तथा विकास आयोजनाहरूमा वित्तीय साझेदारी गरेका कारण नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर अवार्ड प्राप्त गरेको हो । नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले भने, 'यी अवार्डहरू हाम्रो सम्पूर्ण टिमको निरन्तर परिश्रम र नवप्रवर्तनप्रतिको समर्पणको प्रतिफल हुन् । हामीलाई विश्वास गर्ने हाम्रा ग्राहक, साझेदार र सरोकारवालाप्रति हामी अत्यन्त आभारी छौं ।' उनले भविष्यमा पनि स्मार्ट र सुरक्षित बैंकिङ सेवामार्फत नेपाली बैंकिङलाई नयाँ उचाइमा पुर्याउने प्रतिबद्धता व्यक्त गरे ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ । विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ ।

# महोत्तरीमा धान रोपाइँ ६० प्रतिशत

**महोत्तरी (प्रस)–** महोत्तरीको धान रोपाइँ साउन तेस्रो सातायता निकै बढेको छ । साउन दोस्रो सातासम्म ३० प्रतिशत मुनि रहेको रोपाइँ अहिले ६० प्रतिशतको हाराहारी पुगेको हो ।

साउन तेस्रो साता प्रारम्भसँगै मनसुन अनुकूल हुँदै जाँदा रोपाइँको गति बढेको हो । बिहीबार साउन चौथो साता सुरु हउञ्जेलसम्म रोपाइँ ५७ प्रतिशत पुगेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । 'साउन तेस्रो साता प्रारम्भसँगै पानी पर्न थालेपछि रोपाइँले गति लिएको छ, पानी पर्न थालेपछि भूमिगत पानीको सिँचाइ सहज र कम खर्चिलो भएसँगै किसानले रोपाइँको गति बढाएका हुन्,' कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयका सूचना अधिकारी अविरलकुमार महतो भन्छन्, 'रोपाइँ आज ६० प्रतिशतको हाराहारी पुगेको छ ।' साउन मसान्तसम्म यसै गतिमा रोपाइँ बढ्नसक्दा ८० प्रतिशत नाघ्ने कार्यालयको अड्कल छ ।

साउन मध्ययता इनार, स्यालोट्यूवबेल र डिपबोरिङबाट तानिएको पानीले आकासे पानीको साथ पाउँदा कम समयमा बढी खेत हिल्याउन सहयोग पुगेको किसान बताउँछन् । पानी परिरहँदा भूमिगत तानिएको पानीले चाँडै खेत हिल्याउन सहयोग पुगेको किसानले बताएका छन् ।

'परेकै पानीले खेत हिल्याउन त पुग्थेन, तर पानी परिरहँदा चाँडै खेत हिल्याउन सजिलो भयो' भङ्गाहा-३ कटैयाकी किसान रामराजी यादव भन्छिन्, 'हाम्रो बस्तीमा लगभग धान रोपाइँ सकिएको छ ।' साउन १५ यता दिनहुँजसो केहीबेर पानी पर्दै आएपछि त्यसअघिको धाजा फाटेको खेतको रोपो पनि लहलहाएको यादव बताउँछिन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ